# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ३ अङ्क ६ पूर्णाङ्क १०४ | २०७५ साउन ७ गते सोमबार | Monday, July 23, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादी ३ नं. प्रदेशको बैठक सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशको बैठक सम्पन्न भएको छ । असार ३१, ३२ र श्रावण १ गतेसम्म चलेको बैठकले संगठन र संघर्ष सम्बन्धी महत्वपूर्ण निर्णय लिएको देजमोका कार्यालय सदस्य तथा ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठले जानकारी दिए ।

पार्टीका स्थायी समिति सदस्य तथा ३ नं. प्रदेशका इञ्चार्ज राजवीरको विशेष उपस्थिति र पार्टी पिविएम तथा ३ नं. प्रदेशका सचिव सागरको अध्यक्षतामा सम्पन्न बैठकले युवा, विध्यार्थी, मजदुर, किसानलगायतका जनसंगठनहरूलाई विशेष प्राथमिकता दिंदै संयुक्त मोर्चा, जबस मोर्चाहरूका भेला, सम्मेलन मंसिरसम्ममा सम्पन्न गर्ने, वर्गसंघर्ष तथा प्रतिरोध संघर्षलाई स्थानीय स्तरबाट उठाउने र प्रतिक्रियावादीहरूको ...बाँकी ४ पेजमा

# आन्दोलनमा बदलिंदै डा. केसीको माग

● वर्गदृष्टि संवाददाता

काठमाडौं । तीन हप्तादेखि निरन्तर अनसनमा बस्दै आएका डा. के.सी.को मागप्रति सरकारको कुनै चासो नदेखिए पछि उनको मागले सडक आन्दोलनको स्वरूप ग्रहण गर्न थालेको छ । देशको चिकित्सा शिक्षा सुधारका नाममा सदनमा टेबुल ...बाँकी ४ पेजमा

### काठमाडौंमा प्रबुद्ध व्यक्तिहरूको विरोध प्रदर्शन

डा. केसीका मागहरू पूरा गर्न भन्दै काठमाडौंका प्रवुद्ध व्यक्तिहरू विरोधप्रदर्शनमा उत्रिन थालेका छन् । केसीका मागहरू पूरा गरी उनको जीवनरक्षा गर्न माग गर्दै पूर्व प्रशासकदेखि मानवअधिकारवादी र राजनेता तथा प्रधान न्यायाधीशसम्म सडकमा आ ो र्ल न ...बाँकी ४ पेजमा



### पार्टी महासचिव र मोर्चा अध्यक्षले डा.केसीलाई भेटे

काठमाडौं । डा. गोविन्द केसीले चिकित्सा शिक्षा क्षेत्र सुधारका लागि अगाडि सारेका जायज मागहरूको पक्षमा सुरुदेखि नै ऐक्यवद्धता जाहेर गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले शनिबार डा. केसीलाई भेटेरै स्वास्थ्य स्थितिको बारेमा जानकारी लिनुका साथै उनको आन्दोलन तथा सत्याग्रहप्रति ऐक्यवद्धता जाहेर गरेका छन् । शनिबार साँझपख शिक्षण अस्पतला महाराजगञ्जमा पुगेका महासचिव किरणले डा. केसीलाई भने, "तपाईको सुस्वास्थ्यको कामना छ, ...बाँकी ४ पेजमा

# 'कर वृद्धि'का विरुद्ध देजमोले संघर्ष गर्ने

बुटवल । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश नं. ५ को आइतबार सम्पन्न बैठकले ओली नेतृत्वको केन्द्र, प्रदेश तथा स्थानीय सरकारहरूले अवैज्ञानिक, अस्वभाविक र औचित्यहिन तरिकाले तय गरेको करहरू अत्यन्त जनबिरोधी भएकाले त्यसको भण्डाफोर गर्दै त्यसका विरुद्धमा संघर्ष गर्ने निर्णय गरेको छ । बैठकले लिएका निर्णयहरू प्रेस वक्तव्यमार्फत् सार्वजनिक गर्दै मोर्चाका ५ नं. प्रदेश संयोजक केवी गुरुङले स्थानीय सरकारले लगाएको जनबिरोधी करहरू र ब्यथितिहरूका विरुद्ध संघर्षमा उत्रन सबै जनसमुदायमा अपील समेत गरेका छन् ।



दाङ घोराही गुगली स्थिति सहिद स्मृति समपन्न बैठकले प्रदेश र स्थानीय सरकारहरूले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू मूलतः सस्तो लोकप्रियता र जनबिरोधि भएको ठहर गरेको छ ।

बैठकले संगठन सुदृढीकरण र विस्तारमा जोड दिने, सदस्यता बितरण अभियान, नगर र गाउँ पालिका तथा जिल्ला भेला सम्मेलनहरू गर्दै प्रदेश सम्मेलनको तयारीमा लाग्ने निर्णय गरेको छ ।

यसैबीच, अन्य प्रदेशहरूमा पनि मोर्चाले कर वृद्धि, अनियमितता, भ्रष्टाचार, कालोबजारीलगायतका विरुद्ध संघर्ष अगाडि बढाउने निर्णय गरिएको बुझिएको छ ।

१७ असारमा सम्पन्न मोर्चाको केन्द्रीय समितिको बैठकले प्रदेश र स्थानीय तहहरूमा सम्बन्धित स्थानको विशेषताका आधारमा संघर्षका मुद्दाहरू पहिचान गरी संघर्षको उठान गर्ने निर्णय गरेको थियो ।

# 'सरकार फासिवादी बन्यो, जनता लड्न तयार हुनुपर्ने भो'

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले जुम्लाको स्वास्थ्य विज्ञान प्रष्ठिानमा अनशनरत डा. गोविन्द केसीलाई अपहरणको शैलीमा काठमाडौं ल्याइनु र उनको समर्थनमा उत्रिएका चिकित्सकहरूको आन्दोलनमाथि बर्बर दमन गर्नु ओली सरकारको सामाजिक फासिवादी चरित्रको प्रदर्शन भएको टिप्पणी गर्नुभएको छ । उहाँले सरकारको यो कदमको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "केन्द्रीय सरकारदेखि



कर्णाली प्रदेशका मुख्यमन्त्रीहरू समेत लागेर डा. केसीलाई अपहरण शैलीमा काठमाडौं ल्याइनु अत्यन्तै निन्दनीय छ । यो ओली सरकारको सामाजिक फासिवादको अभिव्यक्ति हो ।" उहाँले अगाडि भन्नुभयो, "सरकारप्रति चौतर्फी रूपमा जनअसन्तोष चुलिरहेको छ । दुई तिहाइ बहुमतको दम्भमा ओली सरकार फासिवादी दमनमा उत्रिएको छ । जनता फेरि एकपटक सामाजिक फासिवादका विरुद्ध लड्न तयार हुनुपर्ने भो ।"

सत्तारुढ पार्टी (नेकपा)का अधिकांश नेता कार्यकर्ताहरू मेडिकल र ...बाँकी ४ पेजमा

# पहिचानविरोधी निर्णयको विरोध जारी

पोखरा । सरकारले गरेको प्रदेशको पहिचान विरोधी निर्णयको विरोध जारी छ । नेकपा (क्रान्तिकारी माओवादी) निकट संयुक्त मोर्चा, विभिन्न जातीय मोर्चाहरूले वक्तव्य जारी गरी तथा विभिन्न कार्यक्रमहरूको आयोजना गरी विरोध जारी राखेका छन् । पार्टी निकट अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाले १२ साउनमा "ताम्सिालिङ प्रदेशको सवाल के हुने ?" विषयक एक दिवसीय अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ । मोर्चाले बसोबासको ऐतिहासिक जातीय पहिचानमा आधारित प्रदेश हुनुपर्ने माग राख्दै आएको छ । सरकारले ३ नं. प्रदेशको नाम पनि गैरपहिचानमा आधारित रहेर नामाकरणको तयारी भइरहेको छ ।

त्यसैगरी ४ नं. प्रदेशको नाम गण्डकी राखेको विरोधमा देजमो ४ नं. प्रदेशका संयोजक केशवहादुर परियार, अखिल तमु राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष कृष्ण गुरुङ, अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चाका उपाध्यक्ष भिमबहादुर श्रीस मगरले वक्तव्य वक्तव्य जारी गरी विरोध गरे भने पहिचान विरोधी निर्णयको विरोधमा बागलुङको ढोरपाटनमा विरोध सभाको आयोजना गरियो । उक्त सभालाई मगर मोर्चाका केन्द्रीय अध्यक्ष निलबहादुर पुनले सम्बोधन गरेका थिए ।

...बाँकी ४ पेजमा

# मजदुर संगठनहरूद्वारा चरणबद्ध संघर्षको घोषणा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ लगायत चारवटा मजदूर संगठनहरूले संयुक्त रूपमा सङ्घर्षका कार्यक्रम घोषणा गरेका छन् ।

शुक्रबार काठमाडौंको अनामनगर स्थित संवाद डबलीमा नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, विप्लव नेतृत्वको नेकपा निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, गोपाल किराती (साइला) नेतृत्वको नेकपा (माओवादी केन्द्र) निकट क्रान्तिकारी ट्रेड युनियन महासंघ, नेपाल र नेकपा (माले) निकट प्रगतिशील स्वतन्त्र ट्रेड युनियन महासङ्घ (पिकोण्ट)ले संयुक्त पत्रकार सम्मेलन गरी आन्दोलनको घोषणा गरेका छन् ।

सरकारले हालै सार्वजानिक गरेको मजदुरहरूको न्युनतम पारिश्रमिकले आम मजदूरहरूलाई अपमान गरेको भन्दै चारवटा मजदूर संगठनहरूले सङ्घर्षको घोषणा गरेका हुन् । बढ्दो महंगीलाई ख्याल गरी मजदूर नेताहरूले मासिक २५ हजार रूपैयाँ पारिश्रमिक तोक्न माग समेत गरेका छन् ।

पत्रकार सम्मेलनमा मजदुर नेताहरूले विगतजस्तै यो सरकारले पनि मजदुर मारा नीति ल्याएको भन्दै आपत्ति जनाएका छन् । 'नो वर्क नो पे' तथा 'हायर एण्ड फायर' विरोधी संगठनहरूसँग सहकार्य गर्न आफूहरू तयार रहेको बताएका छन् । उनीहरूले आफ्ना मागहरू र खबरदारीहरूको बेवास्ता गरे कडाभन्दा कडा आन्दोन गर्ने चेतावनी समेत दिएका छन् ।

प त्र का र ...बाँकी ४ पेजमा

# सङ्घीयता र नेवाः–ताम्सालिङ आन्दोलनको प्रश्न

**अहिलेको सरकार र त्यसका मन्त्रीहरू, सांसदहरूको गतिविधिलाई राम्ररी नियाल्ने हो भने एगेल्स र लेनिनले भनेझैं अप्रत्यक्ष र पर्दा पछाडिबाट होइन कि प्रत्यक्ष र खुल्ला रूपमा दलाल तथा नोकरशाही पुँजीपति, ठूला ठेकेदारहरूबाट परिचालित भएको दिनको घामझैं छर्लङ्ग छ । सरकारका मन्त्रीहरू ठूला कर्पोरेट कम्पनी र ठेकेदारहरूको कारिन्दा बनेका छन्**



● सीताराम तामाङ ●

**कसलाई चाहिएको हो संघीयता ?**

नेपालमा अढाईसय वर्षदेखि एकात्मक राज्य संरचना र केन्द्रिकृत राज्यसत्ताबाट शोषण, दमन, उत्पीडन र विभेदमा परेका बहुसंख्यक शोषित र उत्पीडित वर्ग, जाति, भाषा, समुदाय, लिङ्ग र क्षेत्रलाई संघीयता चाहिएको हो । तर जुन वर्ग, जाति, भाषा, समुदाय, लिङ्ग र क्षेत्रलाई संघीयता चाहिएको हो, तिनका बहुसंख्यकले संघीयताको आवश्यकता, औचित्य र मर्म राम्रोसँग बुझेका छैनन् । अनि जुन वर्ग र जातिले बुझेका छन् तिनलाई संघीयता चाहिएकै छैन र संघीयता विरोधी छन् । जसलाई चाहिएकै छैन वा विरोधी छन् त्यही वर्ग र जातिको हातमा राज्यसत्ताको बागडोर छ । उनीहरूले संघीयता भरसक हुनै नदिने कोशिष गरेर रोक्न नसकिएपछि संघीयताको मर्म र भावनालाई तोडमोड गरेर बेपहिचाने सात प्रदेश घोषणा गरेका छन् । यसलाई संघीयताको नाममा विकेन्द्रित प्रदेश शासन ब्यवस्था भनेर बुझ्दा राम्रै होला ।

**नेपालमा वर्गीय तथा जातीय शोषण उत्पीडन र संघर्ष**

बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय समाज नै नेपालको विशिष्टता हो । नेपालका विशिष्टताअनुसार देशका सबै जाति र जनजातिका जनताका भाषा, धर्म,संस्कृतिले सबै पक्षमा पूर्ण समानता र समान अधिकार प्राप्त गर्नु आजको संघर्षको मूल लक्ष्य हो । राज्यले एउटा भाषालाई 'राष्ट्र भाषा', 'राज्य भाषा', 'सम्पर्क भाषा' वा अन्य जुनसुकै नामबाट भए पनि विशेष स्थान दिनु, एउटा मात्र भाषालाई 'सरकारी कामकाजको भाषा' भनी घोषणा गर्नु, त्यो भाषा बोल्ने जातिलाई विशेषधिकार दिनु जनतन्त्रविरोधी जातिवादी नीति हो ।

- विभिन्न धर्मावलम्बी जनताको साझा देश नेपाललाई कुनै एक धर्मको राज्य भन्नु पनि जनतन्त्र होइन, फासीवाद हो । ब्राह्मणवादी नेताहरूले धर्मनिरपेक्षताको टोपी ओढेर हिन्दु राष्ट्रको कानुन लागु गरेका छन् ।

- नेपाली जनता सामन्ती शोषणमा पिल्सिएका थिए । लिच्छवि शासनको क्रममा कहिलेदेखि सामन्ती शासनले वंशानुगत राजतन्त्रको रूप लिएको थियो । यो क्रम बाईसी चौबिसी र मल्ल कालमा पनि निरन्तर रह्यो । यसको अर्थ नेपालमा शाहवंशीय शासनभन्दा पहिले पनि सामन्ती शोषण थियो । पृथ्वीनारायण ...बाँकी ८ पेजमा

## सम्पादकीय

### के नेपाली हुनुको नियति बेचिनु मात्र हो ?

नेपाली हुनुको नियत बेचिनु मात्र हो ? यो प्रश्नले नेपाली युवाहरूको मनमस्तिस्क नराम्रो गरी अठ्याएको छ । शारीरिक रूपमा गरिने काम भन्दा मानसिक रूपमा उठ्ने गरेको यो प्रश्नले युवाहरूको क्रियाशीलता, सिर्जनात्मकता र कार्यमा हुने गुणत्मकतामा निकै ठूलो असर पारेको छ । स्वदेशमा काम गर्न पनि पाइएन भनेर चिन्ताले चाउरिएर युवाहरू सडक र गल्लीहरूमा भौतारिएर हिँड्न थाले भने त्यो देशको हालत के होला ?

आज नेपाल त्यही बिडम्बनापूर्ण हालतबाट गुज्रिरहेको छ । हरेक दिन उज्यालो हुन नपाउँदै हजारौंको संख्यामा युवाहरू हातमा पासपोर्ट समाएर विदेशिन ताँती लागेर उभिन जान्छन् । त्यो पनि निराश, हतास र चिन्तित मुद्रामा । देशको सुरक्षाकर्मी प्रहरी लाइन मिलाउन 'यता पुरुष', 'यता महिला' भन्दै कराइरहेको हुन्छ । उसले मिलाइरहेको लाइनको छेउँनेरबाट लामालामा राता कफनका बाकसहरू आफन्तहरूले रुँदै र चिच्याउँदै बोकेर ओसारिरहेका हुन्छन् ।

देशमा वाम भनिनेहरूको बहुमतको सरकार छ । उसले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा दिएको छ । त्यो नारा चाउरिएर लाइन लागेका युवायुवतीहरू छेवैको भित्तामा गोरुको टाउका जत्रा अक्षरमा लेखिएको छ । त्यो पनि कलात्मक र संगीन ढंगले । कुनै पनि युवा वा युवतीको त्यो नाराप्रति न त अकर्षण छ, न त आस्था र विश्वास नै । बस् यो लेख्नका लागि लेखिएको हो । यो त केवल भन्ने कुरा न हो ।

आज खाडीको तातो बालुवामा लाखौं नेपाली युवायुवतीहरू सस्तो र लिलाम बढाबढको भाउमा हाड र छाला खियाइरहेका छन् । तातो हावामा साहुको ऋणको व्याजको हिसाब गरिरहेका छन् । युवतीहरू असैह्य वेदना र अपमानित व्यवहारबाट अस्पट अस्पट छटपटाइरहेका छन् । यता घरमा बूढा बाबा र आमा दिन गनेर बसिरहेका छन् । ससाना छोराछोरीहरू फेसबुकका वालहरूमा आफ्ना बाबाआमा खोजिरहेका छन् ।


सरकारी कर्मचारीहरू यो वर्षको रेमिटेन्स यति र उति भनेर हिसाब राखिरहेका छन् । एकहप्ते पासपोर्ट बिक्रिबाट यति र एक महिने पासपोर्ट बिक्रिबाट उति भनेर हिसाब मिलानमा व्यस्त छन् । दलाल अहिलेको कमाइले एउटा कार किनियो, पोहरको कमाइबाट घडेरी जोडियो भन्दै सेकुवा पसलतिर हुँकिइरहेको छ । सरकारका मन्त्रीहरू एक दुई हप्ताभित्रै अर्बौ बजेट आफन्तहरू र आफन्तहरूका संघसंस्थालाई प्रदान गर्न रातारात रिबन काट्न, मान्यता दिन र बजेट निकासा गर्न आतुर छन् ।

उता नेपाली चेलीहरू अफ्रिकी मुलुक केन्याका डान्सबारहरूमा रुँदै र नाच्दै गरिरहेका छन् । केपी ओलीको सरकारलाई लागेको छ नाच्न पाएको मान्छे पनि रुन्छ र ? तर साच्चै नेपाली चेलीहरू रुँदैरुँदै अफ्रिकी डान्सबारहरूमा नाचिरहेका छन् । अष्ट्रेलियाका वासस्थानहरूमा रुँदैरुँदै नेपाल फर्कने सपना देखिरहेका छन् । उनीहरूको बाध्यता, नग्नता र त्यसबापत आएको रेमिटेन्स यो सरकारका रात्री भोज, महंगा गाडीको मोज र आफन्तहरूको घरघडेरीको खोजमा भरपूर उपयोग भएको छ । हाल केन्या र तान्जानियामा मात्र करीब ३०० भन्दा बढी नेपाली महिलाहरू होटल तथा डान्स बारमा काम गरिरहेका छन् । उनीहरू दलालको फन्दामा परेर बाध्यताबस त्यहाँ पुगेका छन् ।

दलालका कर्तुतमा त्यहाँ पुर्‍याइएका युवतीहरूको पासपोर्टलगायतका अरु वैधानिक प्रमाणपत्रहरू जफ्त गरिएको छ । ती प्रमाणपत्रहरू मालिक वा रोजगारदाताले लुकाइदिएको छ । उनीहरूलाई लुकेर बस्नुपरेको छ । एयरपोर्टसम्म आउजाउ संभव छैन, उनीहरूको । घर फिर्तीका कुरा त धैरै टाढा छन् । रोजगारदाताले जे गर्न भन्छ, त्यही गर्न बाध्य छन् उनीहरू ।

आखिर देशमा फर्केर वा बसेर पनि केही काम छैन । के नेपाली हुनुको नियति बेचिनु नै हो ?

# आत्म–आलोचनाबारे मार्क्सवादी धारणा


कृष्णदास श्रेष्ठ

आलोचना र आत्मालोचना मार्क्सवादको एउटा महत्वपूर्ण सिद्धान्त हो र त्यसको सांगठनिक सिद्धान्तको एउटा प्रमुख तत्व हो । खास रूपले आत्मालोचनाको सवाल सर्वहारा पार्टीको जीवनमा अत्याधिक महत्व राख्ने सवाल हो । पार्टीका सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक गतिविधिहरूले सञ्चालन गर्ने सिलसिलामा त्यसका नेताहरूबाट हुनजाने गल्तीप्रति लिइने दृष्टिकोणसित सम्बन्धित सवाल हो यो । सो दृष्टिकोण कुनै पार्टीको वास्तविक वर्गीय पहिचान गराउने एउटा मुख्य चिन्हको रूपमा मार्क्सवादीहरूले लिने गरेका छन् । त्यसबारे व्यक्त गरिएको लेनिनको निम्न धारणा बडो सारगर्भित छ :

"आफूले गरेको गल्तीप्रति कुनै राजनीतिक पार्टीबाट अपनाइने दृष्टिकोण त्यो पार्टी कतिसम्म इमान्दार छ र त्यसले कुन रूपमा आफ्नो वर्ग तथा श्रमिक जनताप्रतिको आफ्नो दायित्वलाई पूरा गर्छ भन्ने कुरालाई जाँच्ने एउटा अत्यधिक महत्वपूर्ण तथा गंभीर उपाय हो । गल्तीलाई खुलस्त रूपले स्वीकार्नु, गल्ती हुनाको कारणलाई निश्चित गर्नु, कुन स्थितिमा गल्ती हुन गएको हो त्यसको विश्लेषण गर्नु, त्यसलाई सुधार्नका लागि उपाय पत्ता लगाउनु- यो नै एउटा गम्भीर पार्टीको चिन्ह हो, र त्यस ढंगबाट नै त्यसले आफ्नो कर्तव्यलाई पूरा गर्नुपर्छ र त्यसरी नै त्यसले आफ्नो वर्ग र अनि जनसमुदायहरूलाई शिक्षित र प्रशिक्षित गर्नुपर्छ ।" (लेनिन, "संकलित रचनाहरू", भाग ३१, पृष्ठ ५७)

आत्मालोचना आम रूपमा कम्युनिस्टहरूको आचारसंहिताको एउटा प्रमुख र अत्याधिक महत्वपूर्ण तत्व मानिएको छ । कम्युनिस्टहरूमाझ आत्मालोचना भन्ने पद निकै प्रयोग हुने गरेको छ र साथै यो एउटा फेसनजस्तै बनेको पनि छ । वास्तवमा, आत्मालोचनालाई कम्युनिस्ट पार्टी र अन्य मजदुर संगठनहरूले अपनाउनु पर्ने र प्रयोग गर्नुपर्ने साधनको रूपमा लिने गरेका छन्, किनभने पार्टी र अन्य संगठनहरूको काममा हुन गएका गल्तीलाई सुधार्न र त्यसमा रहेका कमजोरीलाई हटाउनका लागि त्यसलाई एकदमै उपयुक्त तरिका ठानिएको छ । त्यसका साथै, पार्टी नेता तथा कार्यकर्ताहरूबाट कुनै गल्ती भएमा, त्यस्तो गल्ती बारम्बार दोहोरिने नहोस् भनेर त्यसलाई सुधार्ने यो एउटा भरपर्दो र विश्वस्त तरिका हो । त्यसैले मार्क्स, लेनिन, आदि सर्वहारावर्गका महान् नेताहरूले मजदुर पार्टी तथा संगठनहरूमा आलोचना तथा आत्मालोचनाको तरिकाको प्रयोग हुनुपर्ने कुरामा जोड दिएका थिए । अहिले यो तरिका विश्वका सर्वहारा पार्टी तथा संगठनहरूबाट प्रयोग गरिने एउटा मुख्य सिद्धान्त रहेको छ । र के भनिन्छ भने, भावी कम्युनिस्ट समाजमा, जसमा कुनै वर्गहरू रहनेछैनन् र जहाँ वर्गीय शोषण तथा उत्पीडनको अस्तित्व रहनेछैन, त्यस समाजको विकासमा उत्पन्न हुने अन्तरविरोधहरूको समाधान गर्ने मुख्य उपाय सही आलोचना तथा आत्मालोचनाको तरिका हुनेछ ।

"सोभियत संघको कम्युनिस्ट पार्टी (बो.) को इतिहास" नामक प्रख्यात कृतिको "उपसंहार" शीर्षकमा रुसी बोल्शेविक पार्टीको ऐतिहासिक अनुभवबाट निकाल्नु पर्ने एउटा महत्वपूर्ण निष्कर्ष र त्यसले सिकाउने एउटा महत्वपूर्ण शिक्षालाई निम्न रूपमा उल्लेख गरिएको छ :

"पार्टीको इतिहासले हामीलाई अर्को कुन कुरा सिकाउँछ भने यदि पार्टी सफलताबाट होश गुमाएर घमण्डी बन्न थाल्छ, आफ्नो काममा भएका त्रुटिहरूलाई बेवस्ता गर्छ र आफ्ना गल्तीहरूलाई सकार्न र इमान्दारीपूर्वक तथा खुल्ला रूपमा समयमा नै ती गल्तीहरूलाई सच्याउन डराउँछ भने, त्यसले मजदुरवर्गको नेताको हैसियतबाट आफ्नो भूमिका पूरा गर्न सक्दैन ।"

"यदि पार्टी आलोचना र आत्मालोचनादेखि डराउँदैन भने, यदि त्यसले आफ्नो काममा भएका गल्ती र त्रुटीहरूप्रति बेवस्ता गर्दैन भने, यदि त्यसले पार्टी काममा भएका गल्तीहरूबाट शिक्षा लिएर आफ्ना कार्यकर्ताहरूलाई सिकाउने तथा शिक्षित पार्ने गर्छ भने यदि त्यसले समयमा आफ्ना गल्तीहरू सच्याउन जानेको छ भने, त्यो अजेय हुन्छ ।"

नेपाली कम्युनिस्टहरूले पार्टी स्थापनाको सुरुदेखि नै आत्मालोचनाको तरिकालाई अपनाउनुपर्ने र प्रयोग गर्नुपर्ने कुरालाई सकारेर आएका छन् । कम्युनिस्ट आन्दोलनभित्रका सबैजसो समूहहरूले उक्त तरिकालाई आफूलाई कमजोरीबाट मुक्त पार्ने र सुधार्ने तथा परिमार्जित गर्ने साधनको रूपमा लिएका छन् र तिनले आफ्ना विधान, नियमावली तथा लिखतपत्रहरूमा उल्लेख गरेका पनि छन् । तर तिनबाट सो तरिकाको प्रयोग यदाकदा मात्र हुने गरेको छ, र ठीक ढंगबाट प्रयोग कमै मात्र हुने गरेको छ । हाम्रो पार्टीले पनि आफ्नो विधानमा (२०५७) "आत्मालोचना-आलोचनाको पद्धतिलाई सजीव बनाउने" कुराको उल्लेख गरेको छ ।

तर आत्मालोचनालाई त्यसको उद्देश्यअनुरूप प्रयोग गर्ने प्रवृत्तिको विकास भएको पाइएको छैन । आत्मालोचनाको कुरा एउटा फेसनजस्तो बनेको छ, र गल्ती गर्नाको कारण आफू अफ्ठ्यारोमा पर्दा त्यसबाट उम्कने एउटा सजिलो उपाय जस्तो भएको छ । आफूमा भएको कमजोरीलाई हटाउने र गल्तीलाई सच्याएर आफूलाई सुधार्ने र परिमार्जित गर्ने जुन कुराको आत्मालोचनाको पद्धतिले अपेक्षा गरेको छ, त्यसप्रति कमै मात्र ध्यान दिइएको हुन्छ । गल्ती सुधार्ने भित्री मनसायबाट आफ्नो आलोचना गर्ने व्यक्तिले गल्ती हुनाको कारणको विश्लेषण गर्छ र त्यस्तो गल्ती फेरि नदोहोऱ्याउने गरी आफूलाई सुधार्छ । गल्ती गर्ने र आत्मालोचना गर्ने, त्यस्तै गल्ती फेरि दोहोऱ्याउने र फेरि आत्मालोचना गर्ने र यसरी बारम्बार गल्ती दोहोऱ्याउँदै र आत्मालोचना गर्दै जाने भएमा, त्यो एउटा दोषमा र हटाउन नसकिने दुर्गुणमा परिणत हुन्छ, र त्यस प्रकारको आत्मालोचना एउटा फेसन बन्न जान्छ र अरुलाई धोखा दिने साधनमा फेरिन्छ ।

पार्टीमा आत्म-समीक्षा र आत्मालोचना गर्ने प्रवृत्ति कमजोर हुँदै गएको देखिएको छ । त्यसको उल्टो, कस्तो देखिएको छ भने आफूबाट गल्ती भएर कुनै काम बिग्रे वा कुनै काममा आफू असफल भए, त्यसको सारा दोष अरु बाहिरका माथि थोपार्ने र यसरी आफू एकदमै चोखो रहेको सावित गर्न खोजिन्छ । यहाँ आफू जैले पनि ठीक, आफूबाट कहिल्यै गल्ती हुन नसक्ने, आफूले जे गऱ्यो र जे बोल्यो त्यही सहि भन्ने सोचले काम गरेको देखिन्छ । आफ्नो गल्तीलाई खुलस्त नपार्ने र त्यसलाई हरतरहबाट ढाकछोप गर्ने प्रवृत्ति विभिन्न स्तरका पार्टी नेतृत्वहरूलाई आफ्नो पकडमा पारेको जस्तो लाग्छ । स्पष्ट छ, यस्तो प्रवृत्ति विलकूल गलत छ र यो मार्क्सवाद-विरोधी धारणा हो ।

आफ्ना गल्ती वा आफूबाट हुन गएका कमजोरीलाई खुलस्त नपारेर त्यसलाई ढाकछोप गर्नाको पछिल्तिर एउटा गलत धारणाले काम गरिरहेको पाइन्छ । त्यो धारणा के भने आम कार्यकर्ताहरू वा आम श्रमिक जनतालाई आफ्ना गल्ती वा कमजोरी थाहा दिनु हुन्न, किनभने सो थाहा पाएमा नेताप्रति तिनीहरूको विश्वास र सम्मान खतम भएर जान्छ । त्यही धारणाअनुसार, पार्टी नेताहरू पार्टीभित्रका सत्य तथ्यहरू वा त्यसभित्रको वस्तुस्थिति तलकाहरूलाई थाहा दिन हुन्न भन्ने ठान्छन्, किनभने, यदि तिनीहरूले ती सब थाहा पाए भने, तिनीहरू निराश हुनेछन् वा नेतृत्वप्रति विश्वास गर्न छाड्छन् । अहिले कस्तोसम्म स्थिति देखिएको छ भने पार्टी बैठकहरूमा भएका अलोचना-आत्मालोचना, द्वन्द्व, आदि र त्यहाँभित्र के के भयो भन्ने कुरा कुनै स्रोतबाट बाहिर आएका हुन्छन् र विरोधी मिडियाले त्यसलाई कुनै रूपमा प्रचारमा ल्याएमा हुन्छन्, तर आम कार्यकर्ता र जनताले त्यस सम्बन्धमा नेतृत्वमार्फत् थाहा पाएका हुँदैनन् । यस्तो स्थिति कुनै रूपमा पनि राम्रो होइन ।

तर, आम जनता वा आम कार्यकर्ताबाट आफ्ना गल्ती वा कमजोरीलाई यसरी ढाकछोप गर्ने प्रवृत्तिलाई मार्क्सवादीहरू एकदमै गलत ठान्छन्, र उनीहरू जनतालाई सत्य कुरो थाहा दिनु पर्नेमा जोड दिन्छन् । यस सम्बन्धमा लेनिनले जिनोवीयवसितको कुराकानीमा व्यक्त गरेको धारणा उपदेशक र सारगर्भित छ । तल लामो भए पनि एउटा पूरै प्यारा उद्धृत गरिएको छ । उनले भनेका छन् :

"मैले नाराहरूको चटक देखाइरहेको होइन । क्रान्तिको प्रत्येक नयाँ मोडमा म जनतालाई साँचो कुरा बताइरहेको छु, चाहे त्यो सत्य जतिसुकै कटू होस् । र, मलाई लाग्छ, तपाई जनतालाई साँचो कुरा बताउन डराउनु हुन्छ । तपाई पुँजीवादी तरिकाबाट सर्वहारा नीतिको अनुशरण गर्न चाहनुहुन्छ । जो नेताहरू आफ्नो मण्डलभित्र ठानेर त्यो सत्य उनीहरूलाई बताउँदैनन्, तिनीहरू सर्वहारा नेता होइनन् । साँचो कुरा बोल्नोस्, तपाईले सम्झौता गर्नुभएको छ भने जनतालाई त्यो सम्झौता हो भनिदिनोस्, यदि तपाईले शत्रुमाथि सजिलो विजय पाउनुभएको छ भने त्यो गाह्रो भनेर हठ नगर्नोस्, कठिन भए, त्यसलाई सजिलो भनेर घमण्ड नगर्नोस्, तपाईले गल्ती गर्नुभयो भने, आफ्नै प्रतिष्ठाका लागि नडराइकन आफ्नो गल्तीलाई सकार्नोस्, किनभने ...बाँकी ८ पेजमा

गल्ती सम्बन्धमा मौन बस्नाले तपाईको प्रतिष्ठालाई बिगार्छ, यदि परिस्थितिले तपाईलाई बाटो फेर्न बाध्य पारेको छ भने कुनै परिवर्तन नै नभएको झैं गरी स्थितिलाई प्रस्तुत गर्न नखोज्नोस्, यदि मजदुरवर्गको वर्गीय भावना र क्रान्तिकारी सहज ज्ञानमा तपाई विश्वास गर्नुहुन्छ भने, त्यसप्रति सत्यवादी बन्नोस् र मार्क्सवादीको लागि त्यसप्रति विश्वास नगर्नु भनेको लाज र विनास हो । यसबाहेक, शत्रुलाई धोका दिने कुरा समेत पनि ज्यादै जटिल तथा दोधारे छ र प्रत्यक्ष सैनिक कार्यनीतिका अत्यधिक ठोस मामिलामा मात्र ग्राह्य छ । किनभने हाम्रा शत्रुहरू हाम्रा मित्रहरूबाट कुनै फलामे पर्खालबाट छुट्टिएका छैनन्, जनतामाथि अझसम्म तिनीहरूको प्रभाव छ र आम जनतालई मूर्ख बनाउने आफ्नो सीपका साथ उनीहरूले- सफलताका साथ नै - हाम्रो चलाकीपूर्ण चाललाई जनतालाई धोका दिने प्रयत्नको रूपमा दर्शाउन खोज्नेछन् । 'शत्रुलाई धोका दिन'का लागि आम जनताप्रति बेइमानी हुनु भनेको एउटा बेबकुफी तथा कुबुद्धियुक्त नीति हो । सर्वहारावर्गलाई सत्य चाहिएको छ र त्यसको लक्ष्यको लागि सौजन्ययुक्त निम्न-पुँजीवादी झुटभन्दा बढी हानिकारक अर्को कुनै कुरा छैन ।" (इमान्युल काजाकेनिभ 'नीलो नोटबुक' बाट उद्धृत ।

## सामाजिक सञ्जाल


खगेन्द्र संग्रौला

नरेश ओलीले थप दुई मर्सिडिज झिकाए, पीके-काजीको मौन समर्थन

-राकु रवीन्द्रले ६० करोड बक्सिस बाँडे, पुनस् मौन समर्थन

-नरेश ओलीले निषेधित क्षेत्र घोषणा गरे, पुनः मौन समर्थन

-नरेश ओली सन्त सत्याग्रहीमाथि दुर्वाच्य प्रयोग गर्दैछन्, पुनस् मौन समर्थन

- हैट्, पीके-काजीको यो पतन !


बलराम तिमल्सिना

हिजो आज केही साथीहरू(?) भन्दैछन्, "राजतन्त्र फर्काउँनु पर्यो भनेर ज्ञानेन्द्र अनसन बसे भने सरकारले पूरा गर्ने ?" कठै ! ती साथीहरूको वुध्दि , डा केसीको मागलाई राजतन्त्र फर्कने जत्तिकै पो खतरा देखेछन् । हैन कुन मार्क्सवाद पढेपछि यस्ता उदेक उदेकका तर्क गर्न आउँने रहेछ हँ ?


भरत दाहाल

६ महिना अगाडिसम्म केपी ओलीका सामु सिधा आँखा जुधाउने कल्पना सायद कसैले गर्दैनथ्यो। उनको भिमकाय "राष्ट्रवादी" छविको छायाँ नजिक पर्नासाथ पार्टी भित्र र बाहिरका सबै सिथिल हुन्थे तर अहिलि आफ्नो कुर्सि बचाउका लागि ओलीले कार्यकर्ता गुहारपिरहेका छन् र आफूमाथि आपत आईलाग्दा दलका नेताहरूले साथ नदिएको गुनासो गरिरहेका छन्। उनको सातो उडाउन मण्डलाको नाराबाजि काफि भएको छ।

०००

ओलीको हिंजोको शानका पछाडि इण्डियन नाकाबन्दि विरूद्ध उभिएको जनमत थियो। जनमतका अगाडि विपक्षिहरू लिलिपुट भएका थिए। तर आज बचाउको गुहार माग्ने व्यक्ति हिंजोको ओली नभएर मोदीको कोली हो। विदेशी दलालसंग जनमत हुँदैन। जनमत नभएपछि सानो ग्याङ्ले पनि पछार्छ। मोदी, पश्चिमा र माफियाका लागि काम गर्न अग्रसर केपीको रोदन कुनै जनताले सुनेको छैन। उनी अर्को सानै विदेशी ग्याङबाट पछारिनुको विकल्प छैन।


हिरामणि दुःखी

एमाले उर्फ्‌फ नेकपाले शिक्षा र स्वास्थ्यलाई सरकारी मात्रै बनायो भने निजीकरण रोक्यो भने आफ्ना नेता र कार्यकर्ता कसरी पाल्छ र चुनाउमा भोट कहाँबाट पाउँछ, चुनाउ खर्च कसरी जुटाउँछ ?

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# तात्कालिक राजनीतिक प्रस्ताव



"जसरी दुनियाँमा कुनै पनि चीज यस्तो छैन, जसको स्वरूप दोहोरो नहोस् (यो विपरीत तत्वहरूको एकताको नियम हो) त्यसरी नै साम्राज्यवाद र तमाम प्रतिक्रियावादीहरूको स्वरूप पनि दोहोरो हुन्छ ती असली बाघ पनि हुन् र कागजी बाघहरू पनि हुन् । ... साम्राज्यवादी र सबै प्रतिक्रियावादीहरूलाई सारतत्वका दृष्टिले, दीर्घकालीन दृष्टिले, रणनीतिका दृष्टिले तिनको वास्तविकता अनुसार कागजी बाघका रूपमा नै हेर्नु पर्दछ । यसै आधारमा हामीले आफ्ना रणनीतिसम्बन्धी विचारहरूको निर्माण गर्नुपर्दछ । अर्कोतिर ती जीउँदा बाघ पनि हुन्, फलामका बाघ पनि हुन्, सच्चा बाघ पनि हुन्, जसले मानिसलाई खान सक्छन् । यसै आधारमा हामीले आफ्ना कार्यनीति र युद्धकलासम्बन्धी विचारहरूको निर्माण गर्नु पर्दछ ।"- माओ त्से तुङ

सन् १९५८ मा अभिव्यक्त कमरेड माओका उक्त सैद्धान्तिक तथा दार्शनिक मान्यताहरू द्वन्द्वात्मक भौतिकवादी भविष्य दृष्टि एवम् क्रान्तिकारी आशावादले ओतप्रोत छन् र यी हाम्रा लागि आज पनि विशेष उत्प्रेरक तथा पथप्रदर्शक रहेका छन् । हो, साम्राज्यवादी र प्रतिक्रियावादीहरू तात्कालिक र कार्यनीतिक दृष्टिले पक्कै पनि बलिया छन् । परन्तु, दीर्घकालीन र रणनीतिक हिसाबले ती विनाशसील शक्ति हुन् । यस आधारमा हामीले आफ्ना विचार, नीति र योजना निर्माण गरी दृढतापूर्वक अगाडि पर्दछ ।

**अन्तर्राट्रिय परिस्थिति**

१. आज विश्वमा दुई ध्रुवीय र बहुध्रुवीय प्रतिस्पर्धा तथा अन्तर्विरोधहरू चर्कंदै गइरहेका छन् । संयुक्त राज्य अमेरिकाले संरक्षणवाद तथा आर्थिक अनुदारवादको अभ्यास गर्दै गइरहेको छ भने चीनले खुला अर्थतन्त्रको मान्यतालाई अगाडि बढाइरहेको छ । यही १० अप्रिल २०१८ मा चीनको बोआओमा आयोजित फोरम फर एशियाको वार्षिक सम्मेलनमा चीनका राष्ट्रपतिले खुलापन र विश्वव्यापीकरणको पक्षमा जोडदार भाषण दिए । यस फोरम ९द्यँब० लाई २०१८ जनवरीमा ट्रम्प प्रशासनद्वारा चीन लगायतका देशहरूबाट आयात गरिने कतिपय सामानहरूमा ५० प्रतिशत जति भन्सार शुल्क बढाइएकोमा त्यसको जबाफी प्रतिक्रियाका रूपमा प्रस्तुत गरिएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो चुनावी यात्रा अमेरिकालाई महान बनाऔं भनेर सुरु गरेका थिए । परन्तु अहिले अमेरिका विश्वमा एक्लिदै गएको छ ।

२. लामो समयदेखि खाडी क्षेत्र साम्राज्यवादी अन्तरविरोध र सैन्य प्रदर्शनको केन्द्र बन्दै आएको छ । सिरियाली सरकारले आफ्ना नागरिकहरूमाथि प्रतिबन्धित रासायनिक हतियारहरूको प्रयोग गरेको भन्ने कुरालाई आधार तथा निहुँ बनाएर यही १४ अप्रिलमा सिरियामाथि अमेरिका, ब्रिटेन र फ्रान्सद्वारा १०० जति क्रुज क्षेप्यास्त्रहरूको प्रहार गरियो । रुसले यसलाई हस्क्षेपकारी कदम र शान्ति खलबल्याउने काम भनेर विरोध गर्‍यो । चीनले त्यस प्रकारका हमलाविरुद्ध सैन्य होइन, राजनीतिक समाधान खोज्नुपर्ने कुरामा जोड दियो । इरानले त्यस हमलालाई गम्भीर प्रकृतिको अपराध बतायो । यस क्षेत्रमा संयुक्त राज्य अमेरिका विभिन्न रूपमा आक्रामक बन्दै गइरहेको छ । यसै मईमा अमेरिकी राजदूतावास तेलअबिबबाट जेरुसेलम सारियो । यसरी जेरुसेलममा राजदूतावास सारिएकोमा प्यालेस्टाइनद्वारा सशक्त विरोध प्रदर्शन गरियो । परन्तु इजरायल अत्यन्तै असहिष्णु बन्यो । र, गोली प्रहार गरी ५८ जना भन्दा बढी प्यालेस्टिनी जनताको निर्मम हत्या गर्‍यो । यति मात्र होइन, अमेरिकाले यस क्षेत्रमा युद्ध भड्काउनका लागि अनेकौं निहुँ खोज्दै आएको छ । उसको मूल निशाना सिरिया र प्यालेस्टाइन मात्र नभई इरानसमेत बन्दै गएको छ । सन् २०१५ मा संयुक्त राज्य अमेरिका लगायतका शक्ति राष्ट्रहरूद्वारा इरानसित पारमाणविक सम्झौता गरिएकोमा हालै अमेरिकाले सो सम्झौताबाट अलग भएको बताउँदै इरानमाथि फुकुवा गरिएका प्रतिबन्धहरूलाई पुनः लगाउने तथा कडा आर्थिक दबाब दिने घोषणा गरेको छ । अमेरिकाको यस प्रकारको कदमको एकातिर इरानले कडा प्रतिवाद गरेको छ भने अर्कोतिर रुस तथा चीनका साथै जर्मनी लगायत युरोपीयन युनियनका कैयौं देशहरूले सशक्त विरोध गरेका छन् । अमेरिका पक्षीय खाडी क्षेत्रका साउदी अरब लगायतका कतिपय देशले आतङ्कवादलाई सघाएको भनी कतारविरुद्ध नाकाबन्दी गरेको वर्षदिन भएको छ । साथै, रुससित एस्-४०० हवाई रक्षा प्रणाली किनेमा कतारका विरुद्ध सैन्य कारवाही गरिने चेतावनी पनि दिइएको छ ।

३. एशिया प्रशान्त क्षेत्रलाई संयुक्त राज्य अमेरिकाले आफ्नो रणनीतिको एउटा प्रमुख केन्द्र बनाउँदै आएको छ । चीनको हवाइसेनाद्वारा लामो दूरीमा मार हान्ने क्षमताको एच-७ के विमान दक्षिणी चीन सागरको उडी टापुमा सैन्य अभ्यासको क्रममा अवतरण गराइएकोमा त्यसलाई अमेरिका तथा त्यसका पक्षधर देशहरूले दक्षिणी चीन सागरलाई सैनिकीकरण गर्न लागेको भनेर कडा विरोध गरेका छन् र अमेरिकाद्वारा चीनलाई चेतावनी दिइएको छ । चीनले पनि त्यसको कडा प्रतिवाद गरेको छ ।

४. दक्षिण अमेरिकी देश भेनेजुएलाको राष्ट्रपति निर्वाचनमा पनि शक्ति राष्ट्रहरूको ध्यान केन्द्रित हुन पुगेको छ । यही मईमा भेनेजुएलाको राष्ट्रपति निर्वाचनमा चाभेजका उत्तराधिकारी मानिएका निकोलास मादुरो विजयी बनेकोमा एकातिर अमेरिका, क्यानडा लगायतका देशहरूले तीब्र विरोध गरेका छन् भने अर्कोतिर रुसी राष्ट्रपति पुटिनले मादुरोलाई उनको कार्यकालको सफलताको लागि शुभकामना दिएका छन् । यस क्रममा एकातिर अमेरिकाले भेनेजुएलामाथि पनि आर्थिक नाकाबन्दी लगाउने काम गरेको छ भने अर्कोतिर त्यसका विरुद्ध विभिन्न देशका साथै भारत पनि उभिएको छ ।

५. केही समय यता उत्तर कोरियाले आफ्नो पारमाणविक परीक्षणको कार्यक्रमलाई एउटा उत्कर्षमा पुर्‍यायो भने अमेरिकाले पनि उत्तर कोरियाविरोधी नाकाबन्दीलाई चरम रूप दियो । यस क्रममा उत्तर कोरियाले कूटनीतिक पहल, लचकता तथा वार्ताको बाटो अबलम्बन गरेको छ । अहिले उत्तर कोरिया मुख्यतः चीनका साथै रुससित पनि आवश्यक परामर्श गर्दै अमेरिकासितको वार्तामा सरिक भएको छ । यही जुन १२ मा सिङ्गापुरमा दुबै देशका सरकार प्रमुख ट्रम्प र किमका बीच कोरियाली प्रायद्वीपमा शान्ति तथा परमाणु निशस्त्रीकरण लगायतका विषयमा वार्ता भएको छ र त्यसलाई ऐतिहासिक बताइएको छ । परन्तु, त्यसको परिणाम भविष्यले नै बताउने छ ।

६. दोक्लाम विवादको क्रममा चीनद्वारा बन्द गरिएको सिक्किमस्थित नाथुला नाका १० महिना पश्चात् खुला गरिएको छ । गत अप्रिलमा मोदीको चीन भ्रमण भयो र अहिले भारत-चीन विवाद केही मत्थर बन्न गएको छ ।

७. भारत पाकिस्तानबीच अन्तरविरोध बढ्दै जानुको कारण दक्षिण एशियाली सार्क शिखर सम्मेलन अवरुद्ध हुन पुगेको छ । ओली प्रधानमन्त्री बने लगत्तै पाकिस्तानी प्रधानमन्त्री काठमाडौं आएका बेला मोदीले सार्क होइन, बिम्स्टेक सम्मेलनमा जोड दिए । ओली पनि भारतको प्रस्तावलाई स्वीकार गर्दै अगामी भाद्रमा बिम्स्टेकको शिखर सम्मेलन गर्ने तयारीमा लागेका छन् ।

८. वर्षौंदेखि एकै ठाउँमा उभिँदै आएका संयुक्त राज्य अमेरिका र युरोपीय मुलुकका बीच ट्रम्प सरकारमा आए यता अन्तरविरोध बढ्दै गएका छन् । यसो हुनुमा प्रमुख कारण पेरिस जलवायु सम्झौताबाट अमेरिका पछि हट्नु, व्यापार क्षेत्रमा विवाद बढ्दै जानु, इरानसितको पारमाणविक सम्झौताबाट अमेरिका बाहिरिनु आदि नै रहेका छन् । यति मात्र होइन, स्वयम् अमेरिकाका साझेदार जी-७ का देशहरूले पनि यही जुन ८/९ मा क्यानडामा भएको शिखर सम्मेलनमा स्टिल र आल्मुनियममा लगाइने करनीतिका विरुद्ध अमेरिकालाई कडा चेतावनी दिएका छन् । यस स्थितिमा एकातिर युरोपका कतिपय मुलुकहरू रुस-चीनतर्फ स्वतः नजिकिने र अर्कोतिर विश्वमा व्यापार युद्ध चर्कंदै जाने सङ्केत देखिन थालेका छन् । हालै युरोपीय यूनियनका देशहरूद्वारा अमेरिकी सामानमा कर बढाइएको छ । अमेरिकी धुरीमा रहिआएका युरोपीय युनियनका देशहरूले आफ्नो स्वतन्त्र सुरक्षा नीति तथा योजनाबारे गम्भीरतापूर्वक सोच्न थालेका छन् ।

९. विश्वमा विभिन्न शक्तिकेन्द्रहरूका बीच दुई तथा बहुध्रुवीय प्रतिस्पर्धा तीव्र बन्दै गएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा नेतृत्व गरिएको संरक्षणवाद र उदारीकरणका बीच व्यापार युद्ध चर्कंदै गएको छ । साम्राज्यवादी शक्तिहरू राजनीतिक, आर्थिक, सामरिक तथा कूटनीतिक रूपमा आ-आफ्नो शक्तिसञ्चयका लागि जोडदार रूपमा संलग्न भइरहेका छन् । ट्रम्प प्रशासन फासिवादतर्फ उन्मुख बन्दै गएको छ । उत्पीडित राष्ट्रका विभिन्न देशहरू साम्राज्यवादी, प्रभुत्ववादी तथा विस्तारवादी हस्तक्षेपका विरुद्ध संघर्षरत रहिआएका छन् । आज विश्वमा नवउदारवाद असफल बन्दै गएको छ र त्यसको विकल्पमा वैज्ञानिक समाजवाद अपरिहार्य भएको छ ।

१०. अहिले पनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी अवसरवाद प्रबल र क्रान्तिकारी धारा कमजोर रहेका छन् । तर पनि विश्वका विभिन्न देशहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले आफूलाई नयाँ ढङ्गले सङ्गठित तथा व्यवस्थित गर्दै आएका छन् । फिलिपिन्स र भारतलगायतका देशहरूमा पनि जनयुद्ध जारी छ । अन्तर्राष्ट्रिय कम्युनिस्ट संगठनको काममा प्रगति हुन नसके पनि त्यस दिशामा आवश्यक पहल भइरहेका छन् ।

११. आज विश्व सर्वहारा वर्ग तथा उत्पीडित राष्ट्रहरू गम्भीर चुनौती र महान् संभावनाको द्वन्द्वका बीचबाट अगाडि बढिरहेका छन् । भूमण्डलीकृत साम्राज्यवादको हैकम बढ्दै जानु, दक्षिणपन्थी संशोधनवाद प्रबल बन्नु, सर्वहारा वर्ग आत्मगत रूपमा कमजोर हुनु अहिलेका गम्भीर चुनौतीहरू हुन् । परन्तु अर्कोतिर, महान् संभावना पनि छन् । साम्राज्यवाद आर्थिक तथा राजनीतिक रूपमा अनेकौं अन्तरविरोधहरूमा फस्दै एवम् सङ्कटग्रस्त हुँदै जानु, संरक्षणवाद र खुलापनका बीचमा सङ्घर्ष चर्कनु, आर्थिक तथा राजनीतिक प्रभुत्वका लागि शक्तिकेन्द्रहरू युद्धको तयारीमा संलग्न हुनु, मन्द गतिमै भएपनि विश्व सर्वहारा वर्ग क्रान्तिका निमित्त आत्मगत तयारीमा निरन्तर लागिरहनु- यी महान् संभावनाहरू हुन् । आज विश्व सर्वहारा वर्ग गम्भीर चुनौतीको सामना गर्दै महान् संभावनाको दिशातिर अगाडि बढिरहेको छ ।

**देशको वर्तमान अवस्था**

१. पश्चगामी राज्यसत्ता तथा संसदीय व्यवस्थाको निर्वाचन पश्चात् कथित वाम गठबन्धनको सरकार बनेको छ र हालै त्यसमा फोरम पनि मिसिएको छ । सो सरकारले एकातिर आफूलाई वाम तथा कम्युनिस्ट बताएर र अर्कोतिर समृद्धि तथा स्थिरताको राग अलापेर जनतालाई भ्रमित तुल्याउने कसरत गरिरहेको छ ।

२. संसदीय निर्वाचनको लगत्तै प्रधानमन्त्री बन्ने दाउँमा एकातिर ओलीले भारतीय शासक वर्गको चाकरी गर्न थाले भने अर्कोतिर भारतका प्रधानमन्त्री मोदीले पनि ओलीलाई फकाउनका निम्ति कुनै कसर बाँकी राखेनन् । यी कुरा राजनीतिक तथा कूटनीतिक मर्यादाविपरीत बहालवाला प्रधानमन्त्रीलाई थाहै नदिई भारतीय परराष्ट्रमन्त्री नेपालमा आई ओलीसित गोप्य मन्त्रणा गर्नु, प्रम बनिसकेपछि ओलीले परम्परालाई यथावत् नै कायम राखी पहिले भारतको राजकीय भ्रमण गर्नु, मोदीलाई नेपालमा तीर्थाटनसहितको राजकीय भ्रमणको निमन्त्रणा दिइनु, मोदीको दुई ठाउँमा अभिनन्दन गरिनु, उनको सुरक्षाका लागि भारतीय सुरक्षा कमाण्डो ल्याउन स्वीकृति दिई नेपालको सुरक्षा शक्ति तथा सार्वभौमिकताको अवमूल्यन गर्नु- आदिबाट प्रष्ट हुन गएका छन् ।

३. उक्त सबै कुरामाथि ध्यान दिंदा वर्तमान सरकार राष्ट्रिय स्वाधीनताको विपक्ष र राष्ट्रघातको पक्षमा रहेको कुरा स्पष्ट हुँदै जान थालेको छ । नेपालको राष्ट्रिय स्वाधीनताका लागि सन् १९५० लगायतका असमान सन्धिसम्झौता र तिनकै आधारमा हुँदै आएका तमाम हस्तक्षेपकारी तथा राष्ट्रघाती गतिविधि, हालै वीरगञ्जको छपकैयामा गरिएको नेपाली भूमिको अतिक्रमण, कञ्चनपुरको बेलौरी तथा पुनर्वास नगरपालिकामा भारतीय सशस्त्र फोर्सद्वारा भए/गरिएका हस्तक्षेप आदिबारे एकातिर ओली सरकार मौनता साधेर बसेको छ भने अर्कोतिर ओलीको भारत भ्रमण तथा मोदीको नेपाल भ्रमणका बेला भारतसित विगतमा गरिएका सन्धिसम्झौताहरूलाई यथावत् नै कायम राखी तिनको कार्यान्वयन गर्ने प्रतिबद्धतासहित दुईपक्षीय सोह्रबुँदे सहमति समेत गरिएको छ । दुई देशका प्रमद्वारा संयुक्त रूपमा अरुण-तेस्रोको शिलान्यास गरिएको छ । त्यत्ति मात्र होइन, यसै क्रममा गम्भीर प्रकृतिको राष्ट्रघाती कोशी उच्चबाँध बनाउने तयारी पनि भइरहेको छ । जलमार्ग तथा कोशी उच्चबाँध सम्बन्धी योजना भारतको डिजाइनमा बनाइएको हो र त्यसमा ओलीले लाहाछाप लगाउन पुगेका छन् ।

४. हालै प्र.म.ओलीको चीन भ्रमण पनि भएको छ । नेपाल र चीनका बीच विकास निर्माण, जलविद्युत् लगायतका क्षेत्रमा थप सहमति तथा समझदारी पनि गरिएको छ । नेपाल र चीनद्वारा १४ बुँदे संयुक्त वक्तव्य पनि जारी गरिएको छ । ओलीको चीन भ्रमण विकास निर्माणसित सम्बन्धित कतिपय विषयमा सकारात्मक रहे पनि बहुप्रतिक्षित पारवहन सन्धिको प्रोटोकल भने हस्ताक्षर भने हुन सकेन र इन्धन व्यवस्थापनका बारेमा पनि कुरा उठाइएन । साथै, गतकालमा चीन र भारतका बीच सम्झौता हुँदा नेपाली भूभाग लिपुलेक क्षेत्रलाई ट्रान्जिट विन्दु बनाइएकोमा त्यस सन्दर्भमा पनि कुनै कुरा उठाइएन ।

५. अहिलेको वाम तथा कम्युनिस्ट नामधारी संसदवादी सरकारले अमूर्त भाषामा लोकतन्त्र वा जनतन्त्रको कुरा खुबै गर्ने गरेको छ । परन्तु त्यो लोकतन्त्र विपन्न तथा श्रमजीवी वर्गका लागि नभई उच्च वर्गका लागि मात्र हो । यसले एकातिर निजी उद्यम तथा व्यवसायहरूमा ज्यालादारी, करार तथा ठेकेदारी प्रथालाई प्रश्रय दिइरहेको छ भने अर्कोतिर श्रमजीवी वर्गको योग्यताअनुसारको नियुक्ति, कामअनुसारको तलब सुविधा, सेवाको सुनिश्चितता, भत्ता पेन्सन आदिको व्यवस्था लगायतका अधिकारको हनन् हुँदै आएको परम्परालाई कायमै राखेको छ । यसले जनताका विरोध प्रदर्शन तथा हडताल गर्न पाउने अधिकारमाथि पनि प्रतिबन्ध लगाउन गइरहेको छ । संविधानमा सङ्घीयताको कुरा त गरिएको छ, तर एकातिर विशेष क्षेत्र तथा स्वायत्त क्षेत्र आदिको व्यवस्था गरिएको छैन भने अर्कोतिर, राजनीति, अर्थतन्त्र, नीति तथा योजना निर्माण लगायत विविध क्षेत्रमा केन्द्र, प्रदेश तथा स्थानीय तह एवम् निकायहरूको अधिकार बाँडफाँडमा बिल्कुलै ध्यान दिइएको छैन । अझै एकात्मक शासन प्रणालीलाई कायम राखिएको छ । वास्तविक सामाजिक जीवन र आर्थिक क्षेत्रमा श्रमिक वर्ग, गरिब तथा भूमिहीन किसान र महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका उत्पीडित वर्ग र समुदायका जनताका राजनीतिक तथा आर्थिक अधिकारहरूको प्रत्याभूति गर्नेबारे, संविधानमै लेखिएका शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभुता, आवास तथा रोजगारीसम्बन्धी जनताका मौलिक अधिकारहरूको कार्यान्वयनबारे आफूलाई 'वाम' तथा 'कम्युनिस्ट' बताउने सरकार गम्भीर बनेको देखिदैन । त्यति मात्र होइन संविधानमा देशलाई धर्मनिपेक्ष घोषित गरिए पनि गोहत्याका नाममा पुरानै ऐन कानुनमा टेकी उत्पीडित जनसमुदायका कैयौं मानिसलाई जेल सजाय दिने काम भएको छ ।

६. आर्थिक तथा जनजीविकाका क्षेत्रमा यस सरकारले विकास एवम् समृद्धिका धेरै मनमोहक कुरा गर्दै आएको छ । सरकारी नीति तथा कार्यक्रम र बजेटमा प्रति व्यक्ति आम्दानी दोब्बर बनाउने, आर्थिक वृद्धि दुई अङ्कमा पुर्‍याउने, रेल तथा पानी जहाजको व्यवस्था मिलाउने आदि लफाजीका कुरा गरिएको छ । परन्तु त्यस प्रकारका कामका लागि आवश्यक पूर्वाधार तयार पार्न र मूर्त योजना प्रस्तुत गर्न सकिरहेको छैन । आफूलाई 'वाम' तथा 'कम्युनिस्ट' बताउने सरकार जनजीविका तथा आर्थिक क्षेत्रमा मात्रा र आंशिक सुधार मात्र होइन, दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्ग र साम्राज्यवाद तथा विस्तारवादका हित तथा स्वार्थका विरुद्ध तथा आम जनताको पक्षमा गुणात्मक रूपान्तरणमा आधारित नीति, कार्यक्रम तथा योजनासहित प्रस्तुत हुनु पर्दथ्यो, तर त्यो देखिदैन र त्यस्तो अपेक्षा गर्न पनि सकिदैन । नेपालमा वास्तविक अर्थमा विकास र समृद्धिका लागि सामान्य रूपमा विश्वका विभिन्न देश र मुख्यतः भारतसित बढ्दै गएको व्यापारघाटाको अन्त्य, आयात निर्यातमा सन्तुलन, देशमा कृषिमा आधारित उद्योगहरूको निर्माण तथा विकास, असमान सन्धि सम्झौताहरूको खारेज गरी प्राकृतिक तथा मानवीय स्रोत साधनहरूको सदुपयोग आदिको अनिवार्य रूपमा आवश्यक पर्दछ । परन्तु, त्यो वर्तमान सरकारबाट सम्भव छैन । यसरी यो सरकार वाम तथा कम्युनिस्ट सरकार होइन भन्ने कुरा प्रष्ट छ ।

७. देश महङ्गी, तस्करी र भ्रष्टाचारको कहालीलाग्दो पीडामा छटपटाउदै आएको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धि निरन्तर भइरहेको छ । बजेट पेश भएपछि यस प्रकारको मूल्यवृद्धि अझ थप हुँदै गएको छ । बलात्कार तथा महिला हत्या हिंसाका घटना निरन्तर बढ्दै गएका छन् ।

८. जनयुद्धका सहिद तथा राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरूका परिवारजन र अपाङ्ग तथा घाइते योद्धाहरूका समस्या र उनीहरूद्वारा प्रस्तुत गरिँदैआएका मागहरूको समुचित सम्बोधन गर्नेतर्फ आवश्यक ध्यान दिइएको छैन । जनयुद्धकालीन मुद्दाहरूलाई ब्युँझाउने, वारेन्ट काट्ने र कैद गर्ने काम हुँदै आएको छ । सत्य निरूपण तथा मेलमिलाप आयोगका कामहरूलाई अगाडि बढाउनका लागि अझै आवश्यक ऐन कानुन बनाउने र बहिर्गमित जनमुक्ति सेनाका योद्धाहरूका जायज मागहरूको सम्बोधन गर्नेबारे आवश्यक ध्यान दिइएको छैन ।

९. आज देशमा एकातिर सामन्ती उत्पादन सम्बन्धमा आधारित कुत प्रणाली, अधियाबटैया प्रथा, गुठी प्रथा, निर्वाहमुखी तथा सानो किसानी अर्थतन्त्र कायमै छ भने अर्कोतिर सुकुम्बासी, हली, गोठाला, हरूवाचरुवा, कमैया आदिका समस्या जटिल बन्दै गएका छन् । साथै, कृषि औजार, मलखाद बिऊविजन, कृषि बजार लगायतका समस्या पनि गम्भीर नै छन् । जमीनको खण्डीकरण र तरकारी बजारमा बिचौलियाहरूको प्रभुत्वका कारण किसानहरू ठूलो मारमा परेका छन् । तरकारी फलफूल आदिमा विषादी प्रयोगको समस्या गम्भीर बन्न गएको छ । त्यति मात्र होइन, डेरी उद्योगमा पनि रासायनिक मिसावट तथा अनियमितता देखा पर्दै आएका छन् । यसले पनि जनस्वास्थ्यमा गम्भीर असर पार्ने कुरा स्पस्ट छ । कृषिप्रधान मुलुक रहिआए पनि सरकारको लापर्वाही र खुला बजार अर्थतन्त्रका कारण नेपाल खाद्यान्न, तरकारी र कृषिजन्य वस्तुहरूको आयात गर्न बाध्य भइरहेको छ । कृषिमा संलग्न ठूलो युवाशक्ति विदेशिएको छ । सरकारको रेखदेख तथा आवश्यक अनुदानको अभावमा ग्रामीण क्षेत्रमा विशाल मात्रामा जमिन बाँझैं पल्टेका छन् । नदीनालाको धनी देश भएर पनि नेपालमा अझैं पर्याप्त सिञ्चाइको व्यवस्था छैन । किसानहरूले आकाश ताक्नुपर्ने अवस्था कायमै छ ।

१०. नेकपा (माओवादी केन्द्र)को नेकपा (एमाले)मा विलय भई नेपाल कम्युनिस्ट पार्टीका रूपमा अर्को नामधारी कम्युनिस्ट पार्टी बनाइएको छ । नेकपा (माओवादी केन्द्र)ले आफ्ना बाँकी सबै विचार तथा मान्यता छोडेको छ । परन्तु, नेकपा (एमाले)ले मूलतः आफ्ना विचार तथा मान्यता छोडेको छैन । तसर्थ, यो माकेको एमालेमा विलय नै हो । माकेको एमालेमा विलय भई कथित नेकपाका रूपमा निर्मित घोर दक्षिणपन्थी अवसरवादी गठबन्धन वर्तमान दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गीय पश्चगामी राज्यसत्ताको रक्षाकवच मात्र होइन स्वयम् नवप्रतिक्रियावादी शक्तिका रूपमा सरकारमा आसीन बन्न पुगेको छ ।

११. नेपाली कम्युनिष्ट आन्दोलनमा विभिन्न रूप र रंगमा दक्षिणपन्थी संशोधनवाद प्रकट हुँदै आएको छ । एकथरी अवसरवादीहरू अत्यन्तै नग्न तथा भद्दा रूपमा प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको संरक्षक बनेर पेश भएका छन् भने अर्काथरी अवसरवादीहरू निकै छद्म रूपमा अवसरवादी र क्रान्तिकारी धाराका बीचमा दोलायमान हुँदै आएका छन् । त्यति मात्र होइन नेपालमा पनि केही समययता प्राविधिक निर्धारणवादका रूपमा अवसरवाद देखा पर्दै आएको छ । त्यसले मानवीय श्रमशक्ति तथा श्रमिकवर्गको भूमिका र अतिरिक्त मूल्यको सैद्धान्तिक मान्यतालाई नकार्दै प्रविधिलाई प्राथमिक तथा सर्वोपरि स्थानमा राख्ने गरेको छ । महान् जनयुद्ध तथा नेपाली क्रान्तिले गम्भीर धक्का खानु, पश्चगामी राज्यसत्ता तथा संसदीय व्यवस्था कायमै रहनु, दक्षिणपन्थी संशोधनवाद बलियो हुनु, र क्रान्तिकारीहरूको आत्मगत स्थिति कमजोर बन्नु देशको वर्तमान परिस्थितिको एउटा मूल नकारात्मक विशेषता हो । यसलाई हामीले गम्भीर चुनौतीका रूपमा लिनुपर्छ ।

१२. परन्तु, यति मात्र सबैथोक होइन र देशको वर्तमान परिस्थतिको अर्को पक्ष पनि छ । विकास र समृद्धिका जति राग अलापे पनि कथित वाम तथा कम्युनिस्ट सरकारले देश र जनताका राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याको समाधान गर्नै सक्दैन । त्यस स्थितिमा कथित वामप्रति जनाक्रोश तीब्र बन्दै जाने कुरा निश्चित छ । साथै, सत्ताधारी र प्रतिपक्षी राजनीतिक दलहरूका बीचको अन्तरविरोध चर्कंदै जाने कुरा पनि निश्चित छ । त्यति मात्र होइन, मुख्यतः वर्तमान राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध प्रगतिशील तथा क्रान्तिकारी कम्युनिस्ट शक्ति पनि सशक्त बन्दै जाने कुरा अपरिहार्य छ । यी सबै पक्षलाई हामीले सकारात्मक तथा महान् संभावनाका रूपमा लिनु पर्दछ ।

१३. तसर्थ, यो बेला हामीले नयाँ जनवादी क्रान्तिको तयारीका लागि एकातिर वर्तमान राज्यसत्ता, व्यवस्था तथा सरकारका विरुद्ध एकल तथा संयुक्त रूपमा राष्ट्रियता, जनतन्त्र एवम् जनजीविकासँग सम्बन्धित सङ्घर्षलाई विकसित तुल्याउने र अर्कोतिर पार्टीको आत्मगत स्थितिलाई सुदृढ बनाउने तथा अन्य क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्ने एवम् सबैखाले अवसरवादीहरूलाई नङ्ग्याउने दिशातर्फ अझै ठोस पाइला चाल्न जरुरी छ । मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा हाम्रा अगाडि उपस्थित भएका गम्भीर चुनौतीको सामना गर्दै हामी महान् संभावनाको दिशातिर दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।

...बाँकी ७ पेजमा

# क्रान्तिकारी माओवादी बाँकेका सचिवालय सदस्य निस्कासित

बाँके । नेकपा(क्रान्तिकारी माओवादी) बाँके जिल्लाको बैठकले सचिवालय राजनलाई पार्टीबाट निस्कासित गरेको छ । पार्टी नीति विपरीत कार्य गरेको ठहर गरी उनलाई पार्टीले ३ बुँदे स्पष्टीकरण मागेको तर स्पष्ट रूपमा लिखित जवाफ नआएपछि २०७५ साल बैशाख २८ गतेको जिल्ला बैठकले रूपान्तरण नहुन्जेलसम्मका लागि निलम्बन गरेको अवस्थामा कमजोरी थप बढाउन थालेपछि उनलाई पार्टीबाट निस्कासित गरिएको छ । पार्टीका जिल्ला सचिव अर्जुनले दिएको जानकारी अनुसार निलम्बित भएको अबस्थामा पार्टीलाई सहयोग पुऱ्याउने काम गर्नुको साटो उल्टै पार्टीलाई कमजोर बनाउने तरिकाले गुटबन्दीलाई तिब्रता दिंदै पार्टीको नीति र अनुमति बिना आफ्नो मनपरि ढङ्गबाट क्रियाकलाप गर्दै आईरहेकोले उनलाई पार्टीबाट निकालिएको हो ।

उनलाई २०७५ साल श्रावण २ गतेको जिल्ला समितिको बैठकले साधारण सदस्य समेत नरहने गरी निस्कासन गरेको हो ।

# क्रान्तिकारी माओवादी बर्दियाद्वारा जिल्ला सदस्य निस्कासित

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाले पार्टी अनुशासन तथा नीति विपरीत गर्ने जिल्ला सदस्यलाई पार्टी साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरेको छ ।

पार्टीको हालै बसको बैठकले यस्तो निर्णय गरेको जिल्ला सचिव लोकेशले बताए । उनका अनुसार साउन १ गते बसेको बैठकले गम्भिर रूपमा पार्टी अनुशासन उल्लंघन गरेको, पार्टीमा घुसपैठ गरी आन्तरिक सूचना बाहिर लगेको निष्कर्षसहित जिल्ला सदस्य स्माइल गुजरलाई पार्टी सदस्य समेत नरहने गरी निस्कासनको कारबाही गरिएको हो ।बैठकले शिक्षकको १२ गते र विध्यार्थीको १९ गते साउनमा जिल्ला भेला गर्ने र स्थानीय सरकारले जनतामा लादेको चर्को करको विरोध तथा विकासका नाममा विभिन्न योजनामा गरिएको भ्रष्टचारको पहिचान गरी भ्रष्टहरूलाई कारबाही गर्ने तयारी समेत गरेको सचिव लोकेशले बताए ।

# क्रान्तिकारी अटो मेकानिक्स श्रमिक मजदुरहरू संगठित



गोलामा सम्पन्न भेलाले टंकराज गिरीको अध्यक्षतामा ९ सदस्यीय २ नं. इलाका कमिटि गठन गरेको छ। उक्त कमिटिको उपाध्यमा राजु शाही, सचिवमा राम सुन्दर डंगोल, कोषाध्यक्षमा श्याम नकर्मी र सदस्यहरूमा रमेश आचार्य, विनोद यादव, साहिल खान, छोटु, अशोक स्थापितलगायत रहेका छन् ।

क्रान्तिकारी अटो मेकानिक्स श्रमिक मजदुर संघका केन्द्रीय अध्यक्ष कुमार घतानीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको दुवै भेलामा संघका बरिष्ठ केन्द्रीय उपाध्यक्ष तथा काठमाडौं जिल्ला अध्यक्ष वैकुण्ठ घिमिरे, केन्द्रीय कोषाध्यक्ष नवराज दाहाल, जिल्ला उपाध्यक्ष प्रकाश श्रेष्ठ, सचिव बुद्ध तामाङ, जिल्ला सदस्य रामनारायण महतो, दीपक विश्वकर्मालगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको घटक संगठन अखिल नेपाल क्रान्तिकारी अटो मेकानिक्स श्रमिक मजदुर संघको काठमाडौं जिल्लाको १ नं. र २ नं. इलाका भेला सम्पन्न भएको छ। श्रावण ३ र ५ मा भएको भेलामा अटो मेकानिक्स क्षेत्रमा कार्यरत मजदुरहरू संगठित भएका छन् ।

प्राप्त जानकारी अनुसार श्रावण ३ मा तीनकुने गैरी गाउँमा सम्पन्न भएको भेलाले शेरबहादुर दलामी मगरको अध्यक्षतामा ७ जनाको इलाका कमिटि निर्माण गरेको छ। उक्त कमिटिको उपाध्यक्षमा नेक महम्मद, सचिवमा श्याम प्रसाद सापकोटा र कोषाध्यक्षमा राजेश कोइरालालाई चयन गरिएको छ भने सदस्यहरूमा अजमद अली, मनोज साह, गणेश साहलगायत रहेका छन् ।

त्यसैगरी श्रावण ५ मा सिनामंगल भिमसेन



# सुकुम्बासीको इलाका भेला सम्पन्न

● झकेन्द्रबहादुर बुढा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १ तथा इलाकाको भेला सम्पन्न भएको छ । ३० असार, २०७५ मा थापाथलीमा सम्पन्न भेलाले विनोद कुमार आलेको अध्यक्षतामा २९ सदस्यीय इलाका कार्य समिति गठन गरेको छ। भेलाले सदस्यहरूमा नील बहादुर बुढाथोकी, अरुणा चौधरी, गीता तामाङ, पूर्णमाया राई, कुमार घलान, कान्छिमाया स्याङबो, अर्जुन स्याङबो, मगर्नी कमीनी, जीवन लामा, सुन्तली राई, डिलमाया बिक, कुमार विक, स्मृति लिम्बू, सोनाम कुमार लिम्बू, कमला राई, काले माझी, चम्मर बहादुर राई, जुठे राई, टेक बहादुर राई, राम प्रसाद शाह, बलराम थापा, पार्वती माझी, भक्तबहादुर भुजेल, राजकरण यादव, जयकरण यादव, मञ्जु राणा, सुनीता राई र राम बहादुर दुनुवारलगायतलाई चयन गरेको छ ।

क्रान्तिकारी माओवादीका इलाका सेक्रेटरी बोधराज श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाको सञ्चालन क्रान्तिकारी सुकुम्बासी संघ काठमाडौं जिल्ला सचिव झकेन्द्र बहादुर बुढा (विजय)ले गरेका थिए भने क्रान्तिकारी सुकुम्बासी संघको जिल्ला अध्यक्ष मीनकुमार रानामगरले शुभकामना दिएका थिए ।

भेलामा तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य मंगल तामाङ, देजमोको तर्फबाट समानुपातिक उम्मेदवार बनेकी सुकुमाया शेर्पा, काठमाडौं सुकुम्बासी जिल्ला सदस्य कमला स्युठानी, बलराम थापा लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# दशगजामा भारतको एकतर्फी चेकपोष्ट

धनुषा । नेपाल भारतको सीमा क्षेत्र दशगजामा भारतले एकतर्फी रूपमा चेकपोष्ट निर्माण गरेको छ । नेपाल भारत सीमनाको धनुषाको जटही नाकाको दशगजा क्षेत्रमा भारतीय कस्टूयुम अफिसले एकतर्पी चेक पोष्ट निर्माण गर्न थालेको हो ।

धनुषा जिल्लाको नगराइन नगरपालिका वडा नम्बर २ र भारतको मधुवनी जिल्लाको पिपरौनको सीममा भारतले एकतर्फी रूपमा चेक पोष्ट निर्माण गरेको छ । एसपी ५१ र पिल्लर नम्बर २८४ र ३५ को बीचमा कस्टूयुम अफिसले चेक पोष्ट निर्माण गरेको छ। चेक पोष्ट जमुनी नदीको दक्षिणी किनारमा पर्छ। नेपालको सशस्त्र प्रहरी सीमा सुरक्षा बलले पटक पटक रोकेपनि भारतीय पक्षले एकतर्फी रूपमा चेक पोष्ट निर्माण गरेको हो ।

नेपाली पक्षले निर्माण नगर्न आग्रह गरेपनि भारतीय पक्षले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर चेक पोष्ट निर्माण गरिरहेको छ । उक्त चेक पोष्ट गत जेठ १५ गते निर्माण सुरु भएर बीचमा रोकिएको थियो । समस्याबारे सम्बन्धित निकायलाई जानकारी गराएपनि कुनै पहल नभएको बोर्डर आउट पोष्ट नगराइनका सशस्त्र प्रहरी निरीक्षक जगदशीशप्रसाद थारुले जानकारी दिए ।

## क्रान्तिकारी...

व्यापक भण्डाफोर गर्ने आदि निर्णय गरेको छ। बैठक पार्टी केन्द्रीय कार्यालय बुधनगरमा सम्पन्न भएको हो ।

यसैबीच, असार २८, २९, ३० र साउन २, ३ र ४ गते मध्य संयोजन व्यूरोको बैठक समेत सम्पन्न भएको छ । पार्टी स्थायी समिति सदस्य राजवीरको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न भएको बैठकले हालै सम्पन्न केन्द्रीय समितिको बैठकले लिएका निर्णयहरूलाई कार्यान्वयन गर्न सबै केन्द्रीय सदस्यहरू कार्यक्षेत्रमा तदारुकताका साथ लाग्ने निर्णय गरेको छ ।

## आन्दोलनमा...

गरिएको विधेयक फिर्ता गर्न माग गर्दै केसी निरन्तर आमरण अनसनमा छन् ।

दूरदराजको जुम्लामा आमरण अनशनमा बसिरहेका डा. गोविन्द केसीलाई शारीरिक रूपमा कमजोर अवस्थामा रहेको मौका पारी जबर्जस्त सेनाको हेलिकप्टरमा राखी काठमाडौंमा ल्याए पनि हाल उनलाई वेवास्ता गरिएको छ। केसी जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनसनमा बसिरहेका थिए ।

काठमाडौं गएपछि स्वास्थ्य पनि ठीक हुन्छ र मागहरू पनि पूरा गरिने छ भन्दै केसीको आत्म स्वीकृतिबिना अपहरणको शैलीमा काठमाडौंमा ल्याएपछि सरकारी पक्षले प्रतिनिधिसभामा दर्ता भएको चिकित्सा शिक्षा विधेयक फिर्ता लिएर वार्ताको वातावरण तयार पार्नुको बदला उल्टै टेबुल गरिएको विधेयक पारित गर्ने वातावरण तयार गर्ने प्रयासमा लागिरहेको छ । संसद र मन्त्रीहरू विधेयक पारित गर्नेतिर लाग्ने र केसीलाई भुलाउन शिक्षा मन्त्रालयका सचिव खगराज बरालको संयोजकत्वमा तीन सदस्यीय वार्ता टोली गठन गरेर वार्ताका लागि पहल गरिरहे झैं गर्ने सरकारको आन्तरिक योजना रहन गएको बुझिएको छ ।

आगामी १० वर्षसम्म काठमाडौं उपत्यकामा नयाँ मेडिकल कलेजको सम्बन्धन नदिने बरु दूरदराजका इलाकाहरूमा मेडिकल कलेजहरू खोलिनुपर्ने रहेको धारणा केसीको रहँदै आएको छ । महाराजगञ्जस्थित त्रि.वि. शिक्षण अस्पतालमा अनसनरत केसीलाई काठमाडौं ल्याएपछि वार्ता गर्न सहज हुने बताउँदै आएको सरकार आफ्नो पूर्ववत् अडानमा टसको मस छैन । केसीसँग दुईदुई पटक वार्ता गरिसकिएको भन्दै जनतालाई भ्रममा पारिरहेको छ । केसीको नजिकै गएर सञ्चो या विसञ्चोका कुरा गरेर सरकारी वार्ता टोलीले ढाँटढुँट गरिरहेको छ ।

यता केसीको भने सरकारी कर्मचारीसँग वार्ता नगर्ने र मन्त्रीस्तरीय वार्ता टोली गठन भएमा संवाद अघि बढाउने सोच रहेको छ बुझिएको छ। तर प्रम ओलीको सचिवालयले केसीको माग पुरानो भैसकेको भन्दै नयाँ रटान रट्न थालेको छ । यसबाट संवाद र सहमतिको कुनै संकेत पनि देखिएको छैन ।

**नेपाली कांग्रेस सडक संघर्षमा**

नेपाली कांग्रेस पनि केसीका मागहरूलाई पूरा गराउन सडकमा उत्रिएको छ । नेविसंघका युवाहरू सडकमा ओर्लिएका छन् । यसका साथै चरणवद्ध आन्दोलनको घोषण गर्ने पनि बताइएको छ ।

## काठमाडौंमा...

थालेका छन् । मानवअधिकारवादी कृष्ण पहाडी, वाम नेता श्याम श्रेष्ठ, पूर्व प्रधानन्यायाधीश सुशीला कार्की, चर्चित लेखक खगेन्द्र संग्रौला, पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई, पूर्व उपकुलपति केदारभक्त माथेमा, विवेकशील साझा पार्टीका रबिन्द्र मिश्र आदि केसीको जीवन रक्षार्थ सडकमा ओर्लिएका हुन् ।

## पार्टी महासचिव...

तपाईको सत्याग्रहप्रति हाम्रो पार्टीको ऐक्यवद्धता छ ।"

यसैबीच, क्रान्तिकारी माओवादी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले आइतबार दिउसो डा. केसीलाई भेटेका छन् । टिचिङ अस्पतालको गणेशमान भवनमा गजुरेलले डा. केसीसँगको भेटमा गजुरेलले केसीले उठाएका जायज मागहरूप्रति मोर्चाको ऐक्यवद्धता रहेको जानकारी दिए ।

अध्यक्ष गजुरेलले शुक्रबार मात्र एक वक्तव्य जारी गरी डा.केसी र उनको पक्षमा उठेको आन्दोलनमाथि गरिएको दमनको घोर निन्दा एवम् भर्त्सना गरेका थिए । अध्यक्ष सीपी गजुरेलले जारी गरेको वक्तव्यमा डा. केसीका जायज मागहरू तत्काल सम्बोधन गर्न माग गरिएको छ ।

डा. केसीको सत्याग्रहको समर्थन र उनको जीवन रक्षाका लागि भएको प्रदर्शनमा शनिबार ओली सरकारले बर्बर दमन गरेको छ । शान्तिपूर्ण आन्दोलनमा अश्रुग्याँस प्रहार र लाठी चार्च गरिएको छ। प्रहरी दमनमा परी केही प्रदर्शनकारी घाइते भएका छन् ।

## सरकार...

शैक्षिक माफिया भएका कारण ओली सरकार डा. केसीका जायज मागहरू पूरा गर्नेतर्फ गम्भीर नरहेको भन्दै अध्यक्ष गजुरेलले माग पूरा गर्नुको साटो उल्टो संसदमा विधयक दर्ता गराएर मेडिकल तथा शैक्षिक माफियाहरूको स्वार्थपोषण गर्न उद्दत रहेको टिप्पणी गर्नुभयो । दुई तिहाई बहुमतको दम्भ देखाएर यसरी जनघात र राष्ट्रघातका गतिविधिहरू बढाउँदै जाने हो भने जनताको आक्रोश र आन्दोलनको अगाडि ओली सरकार बढारिएर जाने पनि चेतावानी दिनुभयो ।

यसैबीच, अध्यक्ष गजुरेलले शुक्रबारै एक वक्तव्य जारी गरी डा. केसीलाई उपचारका लागि भनी बलपूर्वक काठमाडौं ल्याउने क्रममा सरकाले जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३ साउन तथा विहीबार अन्धाधुन्ध लाठी चार्ज, अश्रुग्यास प्रयोग गर्दा २० जना डक्टर, विध्यार्थी र विरामी समेत खस्त घाइते भएको भन्दै त्यसको घोर भर्त्सना गर्नुभएको छ ।

वक्तव्यमा भनिएको छ, "सत्तामा टिकिरहन सरकाले लागु गर्दै आएको सामाजिक फासिवादी कदमका विरुद्ध संघर्षमा उत्रनका लागि तयार रहन आदरणीय जनसमुदायसँग अनुरोध गर्दछौ ।'

## पहिचानविरोधी...

आदिवासी जनजातिको पहिचान र अधिकारलाई नामेट पार्दै संघीयताको भावना, मर्म, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको समेत उलंघन गर्दै गरिएको पहिचान विरोधी नामाकरण कदापि मान्य नहुने जारी वक्तव्यमा भनिएको छ। वक्तव्यमा मगरात र तमुवानका लागि उत्पीडित जातिहरू फेरि पनि संघर्षमा उत्रन तयार रहनुपर्ने पनि ठहर गरिएको छ।

## मजदुर...

सम्मेलनमा सरकार, रोजगारदाता र कथित ट्रेड यूनियनका प्रतिनिधिसहित सहभागी रहेको भनिएको न्युनतम वेतन निर्धारण समितिले गरेको सो निर्णय र प्रकृयाप्रति आफूहरूको गम्भीर असहमती रहेको मजदूर नेताहरूले बताएका थिए ।

पत्रकार सम्मेलनमा वितरण गरिएको विज्ञप्तिमा भनिएको छ, "कम्युनिस्ट नामधारी पुँजीवादी सरकारले गठन गरेको सो समितिमा सरकार पक्षीय सिण्डीकेटधारी पुँजीपतीका काठपुतली ट्रेड युनियनहरूको मात्र प्रतिनिधित्व र प्रभावमा परि अन्य श्रमिक पक्षीय ट्रेड युनियनहरूको प्रतिनिधित्व नगराई गरिएको निर्णय श्रमिक विरोधी र भर्त्सनापूर्ण रहेको छ ।"

मजदूर संगठनहरूले आफ्ना माग पूरा गराउन ३५ बुँदे मागसहित चरणबद्ध सङ्घर्षका कार्यक्रम पनि घोषणा गरेका छन् । जसअनुसार यही साउन १२ गते श्रममन्त्री तथा ७७ ओटै जिल्ला प्रसासन कार्यलय समक्ष ज्ञापनपत्र पेस बुझाउने, १५ गतेदेखि ३१ गतेसम्म देशैभर विरोध सभा तथा भदौ १ गते बटा दोश्रो चरणको आन्दोन गर्ने बताएका छन् ।

**यस्ता छन् ३५ बुँदे मागहरू**

१. सर्वपक्षीय ट्रेड युनियनहरूको सहभागितामा अधिकार सम्पन्न वेतन बोर्ड गठन गर ।

२. श्रमिकहरूको मौलिक हक र हड्ताललाई अधिकारलाई सूनिश्चित गर ।

३. संशोधित श्रमऐन-२०७४को श्रमिक विरोधी प्रावधानहरू सहित धारा-१४७ खारेज गर ।

४. वर्कपरमिट लागू गर ।

५. ट्रेड यूनियनको नाममा भैरहेको विचौलीयाकरण र सिण्डिकेट प्रणली खारेज गर ।

६. 'सेज'मा संचालन हुने उद्योगहरूमा ट्रेड यूनियन माथि लगाईएको प्रतिबन्ध खारेज गर ।

७. क्षेइ अभिसंन्धीको धारा नं. ८७ अनुमोदन गर ।

८. नीति निमार्ण तहमा श्रमिकहरूको समान प्रतिनिधित्वको ग्यारेण्टी गर ।

९ श्रमिकका छोरा छोरीलाई निशुल्क गाँस, बास, कपास, शिक्षा, स्वस्थ्य र रोजगीको प्रबन्ध गर ।

१०. राष्ट्रिय रूपमा आधिकारीक ट्रेड यूनियनको निर्वाचन गर्ने व्यवस्था लागू गर ।

११. बहुराष्ट्रिय र वैदेशिक पूँजीलाई नियन्त्रण गर ।

१२. राष्ट्रिय पूँजी र रूग्ण उद्योगको संरक्षण गर ।

१३. नयाँ राष्ट्रिय श्रम तथा औद्योगिक नीति तर्जुमा गर ।

१४. मर्यादित काम, सामाजिक कल्याण र श्रमशिक्षा लागू गर ।

१५. देशभित्रै रोजगारीको वातावरण श्रृजना गर ।

१६. ठेकेदारी प्रथा, दैनिक ज्यालादारी, पिसरेट र करार प्रथा खारेज गर ।

१७. नीजि क्षेत्रका श्रमिकलाई सरकारी कर्मचारी सरहको सेवा सुविधा र तलव भत्ता लागू गर ।

१८. राष्ट्रिय श्रम आयोग गठन गर ।

१९. श्रम कार्यलयको अनुपातमा श्रम अदालतको गठन गर ।

२०. सर्वोच्च अदालतमा छुटै श्रम इजालासको व्यवस्था गर ।

२१. उद्योगधन्दाहरूमा श्रमिकमाथी भएको शोषण दमन बन्द गर ।

२२. श्रम मन्त्रालय अन्तर्गतका निकायमा भएको ढिलासुस्ती आर्थिक अनमियतता बन्द गर ।

२३. उर्जाशिल युवा जनशक्ति बिदेश पलायन हुनबाट बन्द गर ।

२४. श्रमिकहरूलाई सहुलियत कार्डको व्यवस्था गर ।

२५. आप्रवाशी श्रमिक सम्वन्धि राष्ट्रिय नीति तर्जुमा गर ।

२६. सबै खाले असमानता र भेदभावको अन्त्य गरी समान काममा समान वेतन लागू गर ।

२७. श्रमिकहरूलाई निःशुल्क श्रमशिक्षा र तालिमको व्यवस्था गर ।

२८. वेरोजगार भत्ता र पेन्सन सहितको सामाजिक सुरक्षा लागू गर ।

२९. मौसमी कामदार तथा उखु उत्पादक कृषि श्रमिककोलागि उपयुक्त नीति तर्जुमा गर ।

३०. श्रमिकहरूले तिरेको रेमिटेन्स श्रमिकहरूकै हितमा प्रयोग गर ।

३१. हरेक श्रमिक जनतालाई खाध्य सम्प्रभूताको अधिकार सूनिश्चित गर ।

३२. श्रमिकहरूको पंञ्जिकरणको व्यवस्था गर ।

३३. वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि भएको शोषण र ठगि बन्द गर ।

३४. अस्थायी, ज्यलादारी, करारमा काम गर्ने कमदार/कर्मचारीको रोजगारीको निरन्तरता दिदै स्याथी गर ।

३५. सामाजिक सुरक्षाकर वापत उठेको रकम श्रमिकको हितमा तत्काल कार्यन्वयन गर ।

# महिला गोर्खा भर्ती नवउपनिवेशको अर्को सिक्री

काठमाडौं । बेलायती सरकारले नेपाली महिलाहरूका लागि महिला गोर्खा भर्ती खोल्ने निर्णय गरेको छ । समान अवसरको नाराअन्तर्गत नेपाली महिलाहरूका लागि यो भर्ती खुलाइएको बेलायतले जनाएको छ । भर्तीका लागि नेपाली महिला आवेदकहरूलाई आह्वान गरिने पनि जनाइएको छ ।



यो भर्ती कति सङ्ख्यामा लिइने र कुन तहका सम्ममा लिइने भन्ने केही पनि खुलाइएको छैन । तर भनिएको छ, सन् २०२० सम्म नेपाली महिला गोर्खा आर्मीका नाममा नेपाली महिलाहरूलाई बेलायती सेना भर्नाका लागि खुल्ला गरिने छ । निकै गौरवका साथ प्रचारप्रसारमा ल्याइएको नेपाली महिला बेलायती सैन्य सेवामा भर्तीको विषयमा मिश्रित प्रतिक्रियाहरू नेपाली समाजमा आइरहेका छन् ।

एक थरिका अनुसार नेपाली महिलाहरूले नेपाली पुरुषसरह बेलायती सैन्य सेवामा भर्ती भई सेवा गर्न पाउनु ठूलो उपलब्धि नै भएको बताउन थालेका छन् । यो विचार वा मत राख्नेहरूका लागि बेलायतले भन्ने गरेको 'समान अवसर' नेपाली महिलाहरूका लागि पनि 'प्राप्त हुने भएको' छ । नेपाली राजनीतिक रङ्गमञ्चमा उठ्ने गरेको लैङ्गिक समानताको अवसर नेपाली महिलाहरूले बेलायती सैन्य सेवामा प्राप्त गर्ने छन् ।

अर्का थरिका अनुसार बेलातले आफ्नो उपनिवेशिक विरासत नेपालमा अझ जब्बर बनाउँदै लान थालेको छ । नेपाली महिला गोर्खा भर्ती यसको एउटा अर्को कडी बन्न पुग्दै छ ।

आजका दिनससम्म नेपाली गोर्खा सेनाले बेलायती सैन्य सेवामा काम गरेको २०० वर्षभन्दा बढी भइसकेको छ । सन् १९१४ देखि सुरु भएको प्रथम विश्वयुद्धमा १ लाख १२ हजार नेपालीहरूले बेलायतको सैन्य सेवामा भर्ती भएर बेलायतको पक्षमा काम गरेका थिए । त्यसै गरी सन् १९४५ देखि सुरु भएको दोस्रो विश्व युद्धमा २ लाख भन्दा बढी नेपालीहरू बेलायती सेना भएर लडेका थिए ।

ब्रिटिश-इण्डिया कम्पनीको पालामा बेलायत-भारत-नेपालबीचमा भएको त्रिपक्षीय सन्धी/सम्झौता अन्तर्गत बेलायतमा हालसम्म नेपाली सैन्य सेवा यथावत छ । बेलायती सैन्य सेवामा नेपालीहरू 'ब्रिगेड अफ गुर्खाज्' अन्तर्गत हरेक वर्ष नयाँ नयाँ रिक्रुट लिने गरिएको छ । यसै आधारलाई टेकेर हालै मात्र नेपाली महिलाका लागि बेलायती महिला सैन्य सेवामा भर्ति गरिने तयारी भएको बेलायतले सार्वजनिक गरेको छ ।

## उत्तर कोरिया :

# चीन, रसिया र अमेरिकाको 'सेतु' वा 'जड' ?



काठमाडौं । उत्तर कोरियाको विषय अब चीन, अमेरिका र रसियाका लागि एकआपसमा आफ्ना त्रिपक्षीय कुटनीतिक सम्बन्ध निर्धारणको मापन जस्तो बन्न थालेको छ । यस अर्थमा उत्तर कोरिया चीन, रसिया र अमेरिकाको 'सेतु' वा 'जड' के हुने भन्ने विषय अघिल्तिर आएको छ ।

जुन १२ को ट्रम्प-किम सिंगापुर वार्तापछि उत्तर कोरियाको विषय एशियाली-अमेरिकी अन्तर महादेशीय कुटनीतिक सम्बन्ध कस्तो हुने भन्ने अवस्थाको सिर्जना हुँदै जान थालेको हो । सिंगापुर वार्ता निकै सकारात्मक र फलदायी भएको भनेर ट्रम्पले टिप्पणी गरे पनि उनी ह्वाइट हाउस पुग्ने बित्तिकै सीआईए र उनका विरोधी तथा समर्थकहरूको पनि घेरामा परे । घेरा निकै बलियो र प्रबल बन्दै गएपछि उनले उत्तरकोरियाप्रतिको धारणा वार्तापूर्वकै जस्तो बनाउन थाले । वार्तामा भए गरिएका विषयहरू र प्रतिवद्धताहरू बिर्सेर उनले रातारात उत्तरकोरियाले आफ्नो आणविक अस्त्र निअस्त्र गर्न दबाबको भाषा बोल्न थाले ।

उत्तरकोरियाले पनि यसको कडा शब्दमा विरोध गर्‍यो । कोरियाली प्रायद्वीपमा यसले थप आशंकाको वातावरण पनि खडा गर्‍यो । चीन तथ रसियासँगको वार्ता र सुझबुझपछि ट्रम्प केही शितल पनि भए । तर उत्तर कोरियामाथि अमेरिका अब अलि भिन्न तवरले जाइलाग्ने रणनीति बनाउन थालेको अवस्थामा देखा पर्न थाल्यो । उसले उत्तरकोरियाको मामला चीन र रसियासँग जोड्न थाल्यो । उसले चीन र रसियालाई अब आइन्दा कुनै पनि उर्जा तथा इन्धन उत्तर कोरियामा आपूर्ति नगर्न आह्वान गर्न थालेको छ ।

अमेरिका लागायत युरोपीयन तथा खाडी देशहरूले उत्तर कोरियामा एकतर्फी नाकाबन्दी गर्दा पनि चीन र रसियाले उत्तर कोरियालाई मानवीय सहायता गर्दै आएका हुन् । हाल उत्तर कोरिया एक परमाणविक अस्त्र सम्पन्न देशको गणनामा पर्छ ।

पछिल्लो समयमा विकसित घटना क्रममले उत्तर कोरियाको मामलामा चीन, रसिया र अमेरिकालाई एउटा अन्तरविरोधमा एकसँगै जोड्न ल्याएको छ । त्यो हो उत्तर कोरियाको मामला अब एक आणविक मामला बन्न गएको छ । अब आइन्दा ऊसँग गर्ने सम्बन्ध र व्यवहार पुरानो उत्तर कोरियालाई गरेको जस्तो पनि हुने छैन र । र, पुरानै उत्तर कोरियालाई गरे जतिले पनि पुग्ने छैन ।

किमले निर्माण गरेको उत्तर कोरियालाई हाल उसले कायम गरेको हैसियतअनुसार उसलाई व्यवहार गरिनु पर्छ । यो माग अमेरिकाका सामु चीन र रसियाले तेर्साएका छन् । यसले दुईवटा चुनौतीहरू खडा गरेको छ : एउटा हो, रुस, चीन र अमेरिकाका बीचमा उत्तर कोरिया सेतु पनि बन्न सक्छ, किनकि यसले अन्तर महादेशीय कुटनीतिक सम्बन्धमा सन्तुलन ल्याउन सक्छ पनि । दोस्रो हो, यो उक्त त्रिदेशीय र महादेशीय झगडा र लडाइँको बीउ पनि बन्न सक्छ ।

अमेरिकाले एशियाली महाद्वीपमा देखेको कमजोर तीन कडीहरूमा एउटा कोरियाली प्रायद्वीपको असन्तुलन, दोस्रो हो भारत-चीन वैमनश्यता तथा हिन्द महासागर र तेस्रो हो साउथ चाइना सीको विवाद । यीमध्ये साउथ चाइना सीको विवादमा चीन केही बलियो भइसकेको प्रतित हुन्छ । र, उत्तर कोरियाको आणविक अस्त्रीकरणसँगै कोरियाली प्रायद्वीपको विवाद पनि पहिले जस्तो जतिबेला पनि उल्झन र बल्झन जाने देखिदैन । स्वयम् उत्तर कोरिया र दक्षिण कोरिया पनि आपसमा वार्ता र छलफलम नै छन् । रह्यो, स्वयम् चीन र भारतको आपसी सम्बन्धका कुरा । यसमा पनि पछिल्लो चरणमा आएर यी दुवै देशले कुटनीतिक स्तरमा एउटा समझदारी र सम्बन्ध कायम गरेका देखिन्छन् ।

# जी-२० शिखर वैठकमा व्यापार युद्ध यर्थाता भएको फ्रान्सको स्वीकारोक्ति

काठमाडौं । व्यापार युद्धको पूर्वसन्ध्यामा जी-२० का देशका मन्त्रीस्तरीय शिखर बैठक आर्जेन्टिनामा भएको छ । वैठक भइरहँदा त्यहाँ अमेरिकाकै दादागिरी चलिरहेको छ । अमेरिकी दादागिरी उपस्थित सबै बीसै देशहरूको आलोचनाको केन्द्र बने पनि छलफलको विषयवस्तु भने अमेरिकाकै रहेको छ ।

उपस्थित सबैले छलफलका क्रममा व्यापार युद्ध आजको वास्तविकता हुन गएको बताएका छन् । कोही पनि देश पछि हट्न तयार देखिएका छैनन् । त्यसमा अमेरिका त झन् एक्लै भए पनि व्यापार युद्ध लड्ने पक्षमा रहेको देखिएको छ । ट्रम्पले भन्ने गरेका छन्, अमेरिकाले गर्दा युरोपका देशहरूले विश्व बजारमा मुनाफा कुम्ल्याउन पाएका छन् । उनले उस्तै परे इयुका २८ देशहरूलाई यो यथार्थता देखाइदिने भनेर पनि चेतावनी दिने गरेका छन् ।

शिखर सम्मेलनमा उपस्थित फ्रान्सका अर्थमन्त्री ल मेयरले यो यथार्थतालाई स्वीकार गर्दै व्यापार युद्ध अहिले एउटा वास्तविकता हुँदै गएको बताएका छन् । उनले आफ्ना साझेदारहरूसँग एक पटक पनि सल्लाह नगरिकनै एकतर्फी रूपमा कर लगाउने अमेरिकी व्यापार नीतिको विरोध गरेका छन् । यो अमेरिकी सोंचलाई ' जङ्गली कानुनमा आधारित' भनी कडा आपत्ति पनि जनाएका छन् । अर्कोतर्फ अमेरिकी अर्थमन्त्री स्टिभनले आफ्नो कर नीतिको बचाउ गर्दै ईयु र चीनलाई स्वतन्त्र प्रतिस्पर्धाका लागि तयार रहन र आफ्ना बजार खुल्ला राख्न चेतावनी दिएका छन् ।

ट्रम्पले ईयुलाई आफ्नो दुश्मन भन्न पनि पछि परेका छैनन् । यो अभिव्यक्तिले जी ७ को अन्तरसम्बनधमा निकै नै तिक्तता ल्याएको छ । उनले चीनमाथि पनि निकै चुनौतिपूर्ण कर उठाउने संभावनालाई लिएर अभिव्यक्ति दिएका छन् । त्यो भनेको अमेरिकाले ५०० अर्ब डलर बराबरका सबै चिनियाँ सामानमा कर लगाउने छ ।

शिखर वैठकमा उपस्थित सबैले व्यापार युद्धमा जानुको सट्टा कमजोरीहरू सच्याउनु बुद्धिमत्तापूर्ण काम हुने पनि बताइएको छ । यसका लागि अमेरिकाले पहिले गल्ती सच्यानु पर्ने पनि बताइएको छ । अमेरिकाले स्टील र एलुमिनियममा लगाएको कर फिर्ता लिएपछि विवाद सुल्टदै र सुल्झदै जाने धेरैको धारणा थियो । तर अमेरिकी अर्थमन्त्रीले भने ईयुले ऊसँग कुनै पनि स्वतन्त्र व्यापारबारे वार्ता गर्न नसक्ने उल्लेख गरे । उनले एकोहोरो बजार खुल्ला गर्नुपर्ने कुरामा जोड दिए ।

# केन्याको डान्सबारबाट नेपाली युवतीहरूको उद्दार

काठमाडौं । भर्खरै मात्र केन्याका धेरै डान्सबारहरूबाट नेपाली युवतीहरूलाई उद्दार गरी नेपाल फर्काइने प्रबन्ध मिलाइएको छ । ती युवतीहरूले त्यहाँका डान्स वारहरूमा नृत्यंगनाका रूपमा काम गर्दै आएका थिए । गत मंसीर/पुस महिनामा पनि केही नेपाली महिलाहरूलाई केन्याबाट नेपालमा फिर्ता पठाइएको थियो ।

भनिन्छ, केन्या र तान्जानियामा मात्र करीब ३०० भन्दा बढी नेपाली महिलाहरू होटल तथा डान्स बारमा काम गरिरहेका छन् । उनीहरू कतिपय वैधानिक रूपमा कुनै अरु काम गर्नका लागि भनेर त्यहाँ पुगेका छन् भने कतिपय दलालको फन्दामा परेर पनि बाध्यताबस त्यहाँ पुगेका छन् ।

दलालका कर्तुतमा त्यहाँ पुर्‍याइएका युवतीहरूको पासपोर्टलगायतका अरु वैधानिक प्रमाणपत्रहरू या त दलालले या त रोजगारदाताले लिने र लुकाइदिने गरेका हुन्छन् । आफ्ना वैधानिक प्रमाणपत्रहरू नभएका कारण उनीहरू न त एयरपोर्टमा आउनजान सक्छन् न त घर फिर्तीका लागि पहल गर्न नै सक्दछन् । उनीहरू रोजगारदाताले जे गर्न भन्छ, त्यही गर्न बाध्य हुन्छन् ।

अवैध रूपमा त्यहाँ पुऱ्याइएका नेपाली चेलीहरू अधिकांश भारतका एयरपोर्टहरू प्रयोग गरेर त्यहाँ लगिएका हुन्छन् । भारत अहिले नेपाली चेलीहरू विदेश र विशेषतः अफ्रिकी मुलुकमा पुर्‍याउने ट्रान्जिटका रूपमा प्रयोग हुँदै आएको छ ।

तर कतिपयले भने सबै नेपाली चेलीहरू त्यसरी त्यहाँ नपुगेको र स्वेच्छाले नै गएको बताउने गरेका छन् । केन्यास्थित अवैतनिक बाणिज्यदूत भन्दछन् आएकामध्ये धेरैजसो त स्वेच्छाले नै आएका हुन् । उनीहरू होटल र डान्सबारकै लागि आएका हुन् । डान्सवारमा नृत्य गर्दा उनीहरूको नृत्य मन पराएर उपस्थित ग्राहकहरूले पैसा फ्याँकिदिने गर्दछन् । तर त्यो पैसा नृत्यकर्ताहरूले पाउँदैनन् । सबै पैसा मालिकहरूले उठाउने गर्दछन् । र, उठेको भनिएको पैसाको १५ देखि २० प्रतिशत मात्र नृत्यंगनालाई दिइने गरिन्छ ।

यसरी अमर्यादित पेशामा उनीहरूलाई रोक्नका लागि नेपालमा सरकारले सचेतनाका अभियानहरू चलाउनु जरुरी छ । उनीहरूको शारीरिक तथा मानसिक जोखिम बारेको जानकारी गराउन पनि जरुरी छ । नेपालमा बनाइएका पासपोर्ट र इमिग्रेसनमा निकै निगरानी गर्नु जरुरी छ । नेपालबाट पठाउने दलाल र बोलाउने रोजगारदाताको बारेमा छानबिन गरी उचित ख्याल पुर्‍याउनु पर्दछ ।

यसको रोकथामका लागि सरकारले स्वदेशमा नै उचित रोजगारीको व्यवस्था गर्नु पर्दछ ।



अमर्यादित पेशामा उनीहरूलाई रोक्नका लागि नेपालमा सरकारले सचेतनाका अभियानहरू चलाउनु जरूरी छ । उनीहरूको शारीरिक तथा मानसिक जोखिम बारेको जानकारी गराउन पनि जरूरी छ

# पुटिनलाई ह्वाइट हाउसको निम्तो दिएर आफ्नै अधिकारीलाई चकित पारे ट्रम्पले



हेलसिन्कीमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको बीचमा भएको द्वपक्षीय वार्तालाई निकै महत्वका साथ प्रसार गर्दै ट्रम्पले पुटिनलाई ह्वाइट हाउसमा निम्तो दिएका छन् । आगामी शरद ऋतुमा अमेरिकाको भ्रमणका लागि दिइएको निम्तो पुटिनले स्वीकार गरेका छन् । यसका साथै ह्वाइट हासमा हुँदै गरेको तयारीका विषयलाई लिएर अमेरिकी कर्मचारी तथा गुप्तचर अधिकारीहरू आश्चर्यमा परेका छन् ।

तर ह्वाइट् हाउसकी प्रवक्ताले यो कुराको जानकारी दिँदै निमन्त्रणाअनुसार ऋतुमा हुने पक्कापक्की भएको भएको बताएकी छन् ।

ट्रम्प र पुटिनबीच फिनल्याण्डमा भएको बैठकपछि ट्रम्पको रुसनिकटताको आभाषहुने गरी दिएका अभिव्यक्तिहरूलाई लिएर ट्रम्पको अमेरिका भित्रै चर्को आलोचना सुरु भएको थियो । उनी सीआईए, आफ्ना निकट समर्थक र विपक्षीहरूको आलोचनाको तारो बनेका थिए । तर जब उनले पुटिनलाई ह्वाइट हाउस आउन निम्तो दिइसकिएको र सोको तयारी गर्न निर्देशन दिए, त्यसपछि भइरहेको उनको विरोधले नाटकीय मोड लियो । उनका पुगे । अमेरिकी राष्ट्रिय गुप्तचर निकायका निर्देशक ड्यान कोट्सले हेलसिन्की शिखर वैठकमा ट्रम्प र पुटिनबीच भएको कुराकानीबारे आफू अनभिज्ञ रहेको बताउँदै यदि भ्रमण भएमा 'त्यो भ्रमण विशेष हुने' आश्चर्यजनक प्रतिक्रिया व्यक्त गरे ।

राजनीतिक विश्लेषकहरू भन्छन्- रुसले यो मौका चुकाउने छैन, यद्यपि उसका अमेरिकास्थित कुटनीतिक कर्मचारीहरू अमेरिका विरोधी गुप्तचरीमा लागेको आरोपमा पक्राउ हुँदै अदालती प्रक्रियाको मुकावला गरिरहेका छन् ।

# आँखामा झलझली राकाथुम जनप्रतिरोध



फुर्नाम्गेल मोक्तान

*हामीहरूले ५ जना डोरहरूलाई बचाँउदै स्कूलतिर हिँडायौँ । अरु सबैलाई बोलायौँ । मतदान गर्ने ठाउँमा आइपुग्दा नपुग्दै डोर प्रमुख त बेहोश नै भए*




२०४६ सालको जनआन्दोलन ताकाको समय थियो । विद्यार्थी आन्दोलन चर्को थियो । राजतन्त्रविरुद्धमा आन्दोलन उठ्दै थियो । आन्दोलनले पञ्चायती व्यवस्था धरापमा पार्‍यो । केही वर्षहरू संसदीय व्यवस्था पुनर्स्थापनाको लहलहैमा बिते । त्यसपछि संसदीय निर्वाचनका कुरा चले । २०४९ मा हामी गाउँगाउँमा गयौं । त्यतिबेलामा म राष्ट्रिय जनमोर्चामा थिए । हामीलाई त्यतिबेला चौथो महाधिवेशन पक्षधर भनी चिनिन्थ्यो । निर्मल लामा यसको नेतृत्वमा हुनुहुन्थ्यो ।

पञ्चायत कालमा रामेछापमा नवराज सुवेदीको चर्तिकाल नै थियो । पञ्चायत नीति तथा जाचबुझ समितिका अध्यक्ष पनि थिए उनी । पञ्चायत धराशायी भएपछि उनको प्रधानमन्त्री हुने रोलक्रम पनि सकियो । त्यसपछि नवराज सुवेदीसहितका सामन्तहरू नेपाली काङग्रेसमा प्रवेश गरे । अब लडाइँ काङ्ग्रेस र कम्युनिष्टहरू बीच चल्न गयो । सामन्त तथा पञ्चहरू नेपाली काङग्रेसमा प्रवेश गरेपछि कम्युनिष्टहरू एकातिर भए । लडाइँ अब बुथ कब्जामा सर्न गयो । चुनाब जित्न बुथ त कब्जा गर्नु पर्‍यो ।

त्यति बेला निर्वाचन दुईचरणमा हुन गएको थियो । रामेछापको एउटा चर्चित गा.वि.स. मजुवा गा.वि.स. थियो । त्यहाँ रोजबहादुर र तेजबहादुर तामाङहरूलगायत अन्य मानिस कांग्रेसमा प्रवेश गरेका थिए । ती सबै नवराज सुवेदीका मानिसहरू थिए । राकाथुमका ज्ञानबहादुर श्रेष्ठ पनि त्यतै थिए । पहिलो चरणमा बुथ कब्जा गरे निर्वाचनमा खटिएका डोरहरूलाई थुनेर । राकाथुममा २०४९ जेठ १९ गते दोस्रो चरणको निर्वाचन भयो । उनीहरू फेरि राकाथुम बुथकब्जा गर्न जम्मा हुन थाले । मनोनयन दर्ता गर्न र भोट हाल्नै नदिएर र्निवाचित घोषणा गराउन नवराजका मानिसहरू लागि पर्न थाले । मजुवा गा.वि.स. कब्जा गर्ने उनीहरूको रणनीति थाहा पाएपछि हामी (जनमोर्चा जसमा राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा दुवैको तर्फबाट) ले तयारी गर्‍यौ । काङग्रेस र कम्युनिष्टहरू बीचमा लडाँइको तयारी भयो । काङग्रेस बुथ कब्जा गर्ने र जनमोर्चाले बुथ कब्जा गर्न नदिने । बेथानबाट दावा लामाहरू आए, पेमा र भुवन घिमिरेहरू (तात्कालिन चौमका) र हामी खानियाँ पानीका साथीहरू खड्गबहादुर र वाङदेल तामाङहरू ३०, ४० जना र मानबाहादुरहरू अर्जुन थापामगरहरू, जो जनयुद्धकालमा शाही सेनाद्वारा मारिएका थिए, हामी सबै एककट्ठा भयौ । ६०, ७० जना थियौं हामी । १९ गते राती नै बुथ राखिने स्कूल कब्जा गर्‍यौं । स्कूल माथिको डाँडो पनि कब्जा गर्‍यौं । त्यो समुद्र सतहदेखि २५००, २६०० मिटर अग्लो ठाउँमा छ ।

त्यो टुप्पोको फेदीमा बस्ती रहेको छ । ११३ जना माथि हाइटमा बस्यौँ । माथिको दिमी पोखरीबाट तत्कालिन चौथो माहाधिवेशनका मानिसहरू झरे । त्यहाँ दिउँसो आएका १५० जनालाई काङग्रेसहरूले खेदेका रहेछन् । काभ्रेका काङग्रेस र स्थानीय काङग्रेस मिलेर खेदेका रहेछन् । र, रामेछाप मैवाङका पनि मिसिएका रहेछन् । काङग्रेसहरू ७००, ८०० जना जम्मा भएका रहेछन् । तिनीहरूको एक मुरी अन्नको त जाँड नै खाएका रहेछन् । भरुवा बन्दुक, तरवार, खुँडा जस्ता हतियासहित आएका रहेछन् ।

उनीहरूले सरकारी निर्वाचन अधिकृतहरू, जसलाई डोर भनिन्छ, उनीहरूलाई स्कूलमा नराखेर गाउँमा कब्जा गरेर राखेका रहेछन् । हामीले रातमा निर्वाचन स्थल कब्जा गर्‍यौ, तर डोरहरू त छैनन् त्यहाँ । एकले अर्कालाई खेद्ने गरेको त धेरै दिन पहिले देखिनै थियो । हामीले रातमा कब्जा गर्दा ११३ जना थियौ, हाइटपमा । हामीहरूलाई खेद्न गाउँबाट हाम्रो माथि रहेको लेकतिर आउन थाले । हामीले ढुंगा पल्टाएर हायलकायल पार्‍यौं ।

बिहान ११.० बजेसम्म पनि डोरहरू आएनन् । काभ्रेको मेचेबाट साथीहरू बोलायौ । चलाखमान तामाङको नेतृत्वमा त्यहाँ चौमका साथीहरू आएर बसेका थिए । हामी शक्ति केन्द्रिकृत गर्नतिर लाग्यौ । मजुवा, कुरन्थली, राकाथुम सबै ठाउँका सामन्तहरू एक ठाउँमा जम्मा भएका थिए । जुलुसहित उनीहरू अघि बढ्न थाले । 'मर या मार' भन्ने स्थिति उत्पन्न भयो । दिउँसो १२.० बजेतिर हामी भोकप्यासले हैरान नै भयौ । बुथमा लडाकुहरू मात्र थिए, १० जना जति । माथि लेकमा छाडिएका केटाकेटी र बूढाबूढी मात्रै थिए ।

सामन्त र काङग्रेसको भिडदेखेपछि मानिसहरू आत्तिए पनि । तर हामीहरू भने विद्यार्थी कालदेखि लड्दै आएका थियौ । हामीहरूलाई चारैतिरबाट काङग्रेसहरूले घेरामा पारे । हामी मारिने अवस्थामा थियौं । मजुवातिरबाट जनता उठाएर लखेट्ने गरे काङग्रेसहरूले । उत्तरतिरको घेरा तोड्यो भने मात्र हामीहरू बच्ने स्थिति देखियो । त्यहाँ बाक्लो जङ्गल थियो । पूर्व, पश्चिम र दक्षिणमा उनीहरूको बाक्लो उपस्थिति रहेको थियो । उत्तरमा पनि थियो उनीहरूको घेरा । हाम्रा लागि घेरा तोड्न उपयुक्त उत्तरतिर थियो ।

हामी त्यो नाका क्लियर गर्न तिर लाग्यौं । लडाकु टिम केबल १० जना जतिको मात्र भयो । मैले नेतृत्व गरे त्यो टिमको । ३ वटा भरुवा बन्दुक, ४ वटा खुँडा र तरवार अनि लाठी र ढुंगा लिएर हामी अघि बढ्यौ । म अघि लागेर नेत्तृत्व गरे । युवाहरू कस्सिएर पछि लागे । गहिरो काटेर जाँदा मकैबारी थियो । माथि चौरमा उक्लिनु पर्दथ्यो । मकैबारी काटेर हामी माथितिर लाग्यौ । उनीहरूले ढुंगा पल्टाएको भए हामी मर्ने नै थियौ । तर उनीहरूले खाजा खान लागेको बेला परेछ । हामी चौरमा पुगेर बन्दुक पड्काएपछि र तरबार जुधाएपछि त जाँडको घ्याम्पो बोकेर भागे त्यहाँबाट । हामी १० जना थियौ, उनीहरू १५० जना जति रहेछन् । नेतृत्व गर्नेहरू पहिले भागेपछि उनीहरू गुडुडु भागे । एउटा नाकाबाट उनीहरूलाई भगाएपछि हामीलाई सजिलो भयो । हाम्रो साहस र आट बढ्यो । हाम्रा जनता उत्साहित भए ।

हामीले तल चौरमा रहेकालाई त लखेट्यौ । तर माथि जंगलमा तिनका लडाकु युवाहरू लुकेर बसेका रहेछन् । उनीहरूले दिमी पोखरीबाट आएका हाम्रा साथीहरूलाई लखेटेका रहेछन् । उनीहरूले सुंगुर काटेर मासुभात खान लागेका बेलामा लखेटेका रहेछन् । हामी तलबाट बढेको देखेपछि हाम्रा साथीहरूले जंगलमा लुकेर बसेका युवाहरूमाथि आक्रमण गरे । तलबाट देख्यौ । माथि घमासान लडाइँ भयो । काङग्रेसी युवाहरू त्यहाँबाट भागे । हाम्रा साथीहरूले लखेटे । हाम्रो शक्ति थपियो ।

दिउँसो १.३० बजेको समय थियो । दुम्जाबाट चलाखासिंह तामाङहरूले ल्याएको शक्ति ६० जना जतिको गाउँतिर बढ्यो । उनीहरू आउने बाटो तल पर्‍यो । काङग्रेसहरू माथि परे । बीचको गाउँमा आउने भीरको बाटो साह्रै अप्ठ्यारो थियो । काङग्रेसले ढुंगा पल्टाएको पल्टायै गरे । तर त्यो शक्ति निकै लडाकु थियो । एक एक गरी ढुंगा छल्दै हामी भएतिर अघि बढिरहे । सबै सकुशल आइपुगे । २.० बजे दिउँसो त हामी पनि ३०० जनाजति जम्मा भइसक्यौं । भुटेको मकै आयो । पानी ल्याइयो । काङग्रेसलाई लखेट्दा छोडेको खाना र सुङ्गुरको मासु पनि आयो । हामी जमेर बस्यौ । तर तल स्कुलको बुथमा त डोरहरू आउँदै आउँदैनन् । काङग्रेसले डोरहरू कब्जा गरेर राखेको राख्यै । हाम्रो ६०० जना जतिको कांग्रेसी टिम हामी भएतिर लखेट्न आउन तम्सन्छन् अझ । ३.० बजिसक्यो । डोर स्कुलमा आउँदैनन् । ५.० बजे त चुनावको समय पनि सकिने हो ।

कमल चौलागाई नेता थिए । उनी हाम्रो साथमा थिए । तत्कालिन चौथो महाधिवेशनले जितेको ठाउँ पनि हो त्यो । उनले विद्यार्थीहरू लिएर आएका थिए । ५.० बजे पछि त काङग्रेसको टिमलाई निर्वाचित घोषणा गरेर जान्छन् होला ती डोरहरू । के गर्ने भन्ने भयो । जनताले डोर कब्जा गरेर राखेको मजुवा बस्तीमाथि आक्रमण गर्ने भनेर कडाइका साथ कुरा राख्न थाले । 'मर या मार' को अवस्था छ । बस्ती आक्रमण गरेपछि त भयङ्कर दुर्घटना नै हुने भयो । निर्णय गर्न सकिएन ।

कमल चौलागाईसित के गर्ने भनी जनताले सोध्न थाले । उनले निर्णय दिन सकेनन् । जनता आक्रो्त छन् । हाम्रो शक्ति ९ सय जतिको भइसक्यो । खान, पिउन र आरा मगर्न नपाएर जनता अक्रोशित छन् । हामी तल तल झर्दै पानी ट्याङ्कीसम्म पुग्यौ । एकअर्कामा हाकाहाकी भइरहेको छ । नेताले निर्णय लिन सकेका छैनन् । केही क्षणपछि नेता चौलागाईले गाउँमा दुईवटा घर कब्जा गर्ने र त्यहाँ महिलाहरूलाई चिट्ठी दिएर काङग्रेसहरूकहाँ खबर पठाउने सल्लाह भयो । उनले ४.० बजेसम्म भएपनि डोर ल्याउने र काङग्रेस तथा जनमोर्चा दुवैले ' नोमिनेसन' गरेर भोटिङमा जाने भन्ने खबर पठाइयो । तर काङग्रेसहरूले न त जवाफ पठाए, न त केही प्रतिक्रिया नै जनाए । गाउँ उनीहरू डोर उनीहरूकै कब्जामा र जम्मा भएपनि धेरै छन् । त्यसैले उनीहरूले हाम्रो चिट्ठीको खबर फर्काएनन् । हामी ८०० जना मानिसहरू जम्मा भएपनि बाहिरबाट आएका भनेर तिनीहरूले टेर्दै टेरेनन् ।

दिउँसोको ४.० बजिसक्यो । ५.० बजे त निर्वाचनको समय पनि सकिने भो । जम्मा भएका साथी सबैले कमल चौलागाईंलाई नै उल्टै कुट्ने जस्तो गर्न थाले । कि त निर्णय देऊ नत्र के गर्नेभन्दै कमल चौलागाईंलाई घेर्न थाले । त्यति बेलासम्म हाम्रो तर्फ १२०० जना जम्मा भइसकेका थियौं । सङ्ख्या ठूलो भयो । त्यत्रो ठूलो सङख्याले गाउँ आक्रमण गरिहाल्यो । त्यहाँ ऐतिहासिक र कलात्मक घरहरूमा नेवार बस्ती बसेको थियो । त्यसपछि सुरु भयो घरका ढोकाहरू फोड्न, झ्याल फोड्न गोठहरू भत्काउन र लालाबाला तथा पशुधन चौपायाहरू फुकाएर बारीमा लागाइदिन । त्यहाँ जम्मा भएका काङग्रेसहरू भागाभाग भए ।

करिब १५० घरहरू त्यहाँ थिए । त्यो गाउँलाई राकाथुम गोठपानी भनेर चिनिन्थ्यो । तल तल मगर वस्ती र माथि माथि तामाङ बस्ती छ, तर बीच गोठपानीमा भने नेवार बस्ती छ । मजुवा र गोठपानी काङग्रेसहरूको गढ नै मानिन्थ्यो । आक्रमणका बेला भुवन, धावा, मानबहादुर र म आफैं अघि अघि लागेका छौ, बेथिति नगरे है भन्दै । कसैले आगो लगाइदिने भनेका छन् कसैले के गर्ने भनेका छन् । कन्ट्रोल गर्न निकै गाह्रो भयो । सबै आक्रोशित थिए । एउटा घर जलेपछि १५० वटा घर जलेर नष्ट हुन्छन्, त्यसैले रोक्न गाह्रो छ । सम्झाउँदा बुझाउँदा पनि धौधौ परेको छ ।

घरघरमा खोज्दै जाँदा एउटा घरको मटानमा डोरहरू लुकाएर राखेको भेटियो । उनीहरूलाई बाहिर ल्याइयो । डोर प्रमुखहरू होचाहोचा रहेछन् । तर उनका सहयोगीहरू अग्ला अग्ला रहेछन् । साथीहरूले लाठीले ठोक्न थाले । हामीहरूले ५ जना डोरहरूलाई बचाँउदै स्कूलतिर हिँडायौँ । अरु सबैलाई बोलायौँ । मतदान गर्ने ठाउँमा आइपुग्दा नपुग्दै डोर प्रमुख त बेहोश नै भए ।

हामीले पानी छम्कियौं र हावा हम्किदियौं । एकछिन पछि ब्यूझिए । सबै प्रबन्ध मिलायौ र भोट हाल्ने वातावरण बनायौ । विपक्षी काङग्रेसहरू कोही पनि नभएपछि हाम्रा उम्मेदवारहरूलाई प्रमाणपत्र वितरण गरे उनीहरूले । यी सबै काम ५.० बजे भित्र नै गरियो । मजुवा गाउँमा पनि काङग्रेसले यसै गरेको थियो । तर सदरमुकाम मन्थली पुगेपछि डोर आफैंले मलाई कुटपिट गरी निर्वाचन कब्जामा लिएर गर्न लगाए भनी रिपोर्ट गरेछन् । बुथ कब्जा गरेका हुन्, यो अनाधिकृत हो भनेछन् ।

पर्सिको दिनबाट सशस्त्र प्रहरी, पुलिस र सेना सबै परिचालन गर्‍यो । राकाथुम र खनियाँपानीमा भएका पुरुषहरू देख्नै नहुने । भेटेजति सबैलाई पिट्दै, चुट्दै लगेर थुन्न थाल्यो । घरघर आउजाउ गरेको छ । खानतलासी गरेको छ । मेरी आमा बिरामी हुनुहुन्थ्यो । उपचार नै गर्न पाइएन । म घरै जान सकेन । अघोषित संकटकाल लागू भयो । गाउँमा कफ्र्यू कायमै थियो । आमा बित्नुभयो । डेढ दुई शय जनालाई सार्वजनिक मुद्दा लगायो । सबै तितरवितर भएर जाने भयो । यो घटनाले कमल चौलागाईमा विचलन ल्यायो । तर गाउँलेहरू भने अडिग रहे । अहिले पनि गाउँलेहरू अडिग नै छन् ।

चौलागाई परिवार तराइ झरे । त्यहाँको कम्युनिष्ट आन्दोलन र सङघर्ष त्यहाँका आधारभूत वर्गमा सर्‍यो । जनता अहिले पनि कम्युनिष्ट नै छन् ।

## कविता

### आँधी



● इन्दिरा अधिकारी

-सहयोगी
भाई साब भन्दै
आधी पसेकोछ
लुम्बिनी र जनकपुरमा
विष्फोट भएको छ
नेपाल आमाको काखमा ।

-सँगै सँगै
प्रेत पुगेकोछ
मुक्तिनाथमा
ध्यान मंसुनछ
मन्त्र जप्दै
प्राकृतिक स्रोत साधन
पोल्टामा पोको पार्ने
दाउँ हेर्दै
घण्टै सम्म ।

-त्यो,
चोर विरालो
बाढि
पहिरो बनी
तराई,
पहाड,
हिमाल हुँदै
जलदेखि जमीन सम्म
उठ्नै नसक्ने सम्झौता गराईं
छापामार शैलीमा
ओइरिएको छ ।

-अनि
हाम्रो राष्ट्रवाद
निवस्त्र
उसैको
अघि र पछि
लम्पसार पर्दै दौडदै छ
विरालाको न्याउरो बनी ।

-हो,
यहाँ
स्वतन्त्रता
स्वाभिमान
राष्ट्रियता
व्यक्तिगत स्वार्थमा पौडी खेल्दै
धुलो बनाई
उडाइयो आकाशमा
-वाह !
प्रेतका पुजारीहरू
धमिराहरू र
बादरहरू
उत्सव मनाउँदै छौं ?
मातृभूमिको छालाकाडी विक्रिमा
राखेर
धिकार छ,
नालायक
लुटेरा
भ्रष्टहरू
आमाको नाम उर्स्कालाई लगाएर
जारी खोत तिमीहरूलाई ।
-ए !
लम्पसारवादीहरू हो,
सरम लाग्दैन
राक पछि अर्को घातै घात मन्चन
गर्न
अलि कति पनि
सोचेनौं
राष्ट्र र भावि सन्ततीको लागि

-अनि,
मुसाको शरण पर्ने
दलाली
आश विरालो बनी
बाघ बनेको अनुभुती गर्दैछौं ?

हो
एक दिन
इतिहासले
लुटेरा
बादर र
धमिराहरूलाई
हिसाव किताव खोज्दै
दण्डित गर्नेछ
पक्कै
त्यो दिन आउनेछ ।

# तात्कालिक राजनीतिक प्रस्ताव

**पार्टी कामको मूल्याङ्कन**

पार्टीको ऐतिहासिक राष्ट्रिय सम्मेलन र संसदीय निर्वाचनपश्चात् पौषमा सम्पन्न केन्दीय समितिको बैठकमा पारित आगामी कामको योजना र सङ्गठन विस्तार तथा सुदृढीकरण अभियानले निर्देशित तथा लक्षित गरेका उद्देश्यमाथि ध्यानदिंदै पार्टीका काम र योजनाको मूल्याङ्कन गर्न आवश्यक छ । पार्टी कामको मूल्याङ्कन मूलतः निम्नानुसार गर्न सकिन्छ :

**क) सैद्धान्तिक तथा राजनीतिक काम**

- पार्टीको पथप्रदर्शक सिद्धान्त तथा कार्यदिशाको पक्ष र प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था, दक्षिणपन्थी संशोधनवाद आदिको विरोधमा सामान्यतया प्रचारात्मक काम गरिएको छ ।
- पार्टी मुखपत्रको एउटा अङ्क प्रकाशित गरिएको छ ।
- अत्यन्तै मिहनेतका साथ पार्टीको बाह्य प्रकाशनलाई नियमित रूपमा अगाडि बढाइएको छ ।
- पार्टीमा निर्धारित प्रशिक्षणका काम सम्पन्न गरिएका छन् ।
- पार्टी स्कूललाई व्यवस्थित बनाउन नसकिएता पनि युवा मोर्चाको प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा चारवटा प्रदेशमा सामान्य प्रकारको स्कूल सञ्चालन गरिएको छ ।

**ख) साङ्गठनिक काम**

- पार्टीका प्रदेश तथा अधिकांश जिल्लाहरूमा नियमित रूपमा वैठकहरू सम्पन्न भएका छन् र ती वैठकहरूमा अभियान सञ्चालनसम्बन्धी कामलाई अगाडि बढाउनेबारे आवश्यक निर्णयहरू लिइएका छन् । पार्टीको पहुँच भएका नगर तथा गाउँहरूमा सामान्यतः पार्टीको पुनर्गठन गर्ने काम भएको छ । परन्तु, मुख्यतः नयाँ ठाउँमा अभ्रै सङगठन विस्तार गर्न भने सकिएको छैन ।
- कतिपय ठाउँहरूमा वार्डतहसम्म कमिटीहरू बनाइएका छन् । तर अधिकांश ठाउँहरूकमा सो काम हुन सकिरहेको छैन । संयुक्त मोर्चा र जनवर्गीय मोर्चाहरूमा अभियानलाई अगाडि बढाउने क्रममा अधिकांश जिल्लाहरूमा संयुक्त मोर्चा समितिहरू बनेका छन् । युवा मोर्चाका अधिकांश प्रदेश र जिल्लास्तरमा कमिटी बनेका छन् । विद्यार्थी मोर्चामा विभिन्न जिल्लाहरूमा कमिटीहरूको गठन/पुनर्गठन भएका छन् । मजदूर मोर्चाका केन्द्रीय तहमा विभिन्न घटकहरू बनेका छन् । कतिपय ठाउँमा प्रदेश र जिल्लास्तरमा कमिटीहरूको गठन/पुनर्गठनको प्रक्रिया अगाडि बढेको छ । महिला र शिक्षक मोर्चाका काममा अपेक्षित प्रगति हुन सकेको छैन ।
- जनजातीय मोर्चाका केन्द्र, प्रदेश र जिल्लामा कतिपय घटकका गठन/पुनर्गठनका काम भएका छन् । सांस्कृतिक मोर्चाका केही प्रदेशस्तरीय समिति बनेका छन् । किसान र दलित मोर्चाका काम अगाडि बढ्न सकेका छैनन् ।
- पार्टी र जवस मोर्चाहरूमा कतिपय जिल्लाहरूमा सम्मेलन सम्पन्न भएका छन् । कतिपय ठाउँमा तयारीको प्रक्रिया अघि बढिरहेको छ । परन्तु स्थानीय तहसम्म सङ्गठन निर्माण तथा विस्तारका काम भने मूलतः अभ्रै हुन सकेका छैनन् ।
- अभियान सञ्चालनको प्रक्रियामा सङ्गठनको स्थिति हेर्दा मूलतः तीन प्रकार अर्थात् क, ख र ग श्रेणीका जिल्लाहरू देखा परेका छन् । क श्रेणीका जिल्लाहरूमा अपेक्षित रूपमा काम अगाडि बढेको छ । ख श्रेणीका जिल्लामा केही काम भएका छन् । र, ग श्रेणीका जिल्लामा सामान्य प्रकारका समिति मात्र बनेका छन् । कतिपय जिल्लामा अभ्रै पनि सम्पर्कसमेत् हुन सकिरहेको छैन ।

ग) जनयुद्ध दिवस, सहिद सप्ताह, आठमार्च, सांस्कृतिक प्रतिरोध दिवस, मईदिवस आदि समारोह स्वतन्त्र र संयुक्त रूपमा मनाउने काम भएका छन् । कतिपय दिवसहरूका कार्यक्रम बनाउन सकिएन । विभिन्न दिवस मनाउने बारे तालिका बनाई नियमित तथा व्यवस्थित रूपमा ध्यान केन्द्रित गर्न जरुरी देखिन्छ ।

**घ) सङ्घर्षसम्बन्धी काम**

- पाँच महिने अभियान अन्तर्गत सङ्गठनलाई मुख्य र सङ्घर्षलाई सहायक कामका रूपमा लिइएको थियो । यस अवधिको सङ्घर्षका काममा मुख्यतः राष्ट्रिय स्वाधीनताको रक्षा र भारतीय विस्तारवादी हस्तक्षेपको विरोध पर्दछन् ।
- २०७४ माघमा वीरगञ्ज नगरपालिकाको छपकैया र वीरगञ्जमा युवा तथा विद्यार्थी मोर्चाको आयोजना र ३ नम्बर प्रदेश तथा २ नम्बर प्रदेशको पहल, मकवानपुर तथा चितवन जिल्लाको सहभागितामा विरोध प्रदर्शन कार्यक्रम सम्पन्न भएको छ । चितवनमा विभिन्न कार्यक्रमहरू आयोजना गरी विरोध प्रदर्शन गरिएको छ ।
- भारतीय विस्तारवादद्वारा देशका विभिन्न ठाउँमा गरिएको सीमा अतिक्रमणको विरोध र राष्ट्रिय स्वाधीनताको पक्षमा २०७४ चैत्र १२/१३ मा सम्पन्न बैठकमा सीमा अतिक्रमण गरिएका ठाउँहरूको निरीक्षण तथा जनपरिचालन गर्ने भनी गरिएको निर्णयको लगत्तै ७ नम्बर प्रदेशबाट दार्चुलाको कालापानीमा गई जनपरिचालनसहित निर्णय कार्यान्वयन गरिएको छ । कञ्चनपुर जिल्लामा सीमा अतिक्रमणविरुद्ध कार्यक्रमहरू दिइएका छन् । बर्दियाको बढैयाताल गाउपालिकाको फुटाहामा सीमा निरीक्षण तथा विरोध प्रदर्शन कार्यक्रम सम्पन्न भएको छ ।
- भारतीय प्रधानमन्त्री नेपालमा आएको अवसरमा वैशाख २८ गते अरुण तेस्रोको शिलान्यासको विरोधमा काठमाण्डौंमा ३ नम्बर प्रदेश तथा काठमाण्डौं जिल्लाको पहलमा कालो झण्डा प्रदर्शन र २९ गते ओली-मोदी गठबन्धनको विरोधमा देशका विभिन्न स्थानहरूमा विरोध प्रदर्शन कार्यक्रम सम्पन्न गरिएको छ । सो अवसरमा स्थायी समितिका सदस्य क. सीपी गजुरेलसहित काठमाण्डौं, बुटबल, बाँकेलगायतका जिल्लाबाट ५४ जनाभन्दा बढी नेताकार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो । ओली-मोदीको गठबन्धनको विरोधमा ६ नं. को दैलेख, ७ नं.को कैलाली, १ नं. को सुनसरी, २ नं. चन्द्रनिगाहपुरलगायतका ठाउँहरूमा कार्यक्रमहरू सञ्चालित भएका छन् ।

**ङ) युवा प्रशिक्षण तथा मार्चपास सम्बन्धी कार्यक्रम**

पाँचमहिने अभियानको अवधिमा ३ नम्बर प्रदेशको मकवानपुर, २ नम्बर प्रदेशको सिरहा, १ नम्बर प्रदेशअन्तर्गत झापा तथा १ नम्बर प्रदेशको ओखलढुङ्गा र पाँच नम्बर प्रदेशको कपिलवस्तुमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएका छन् । साथै, यस क्रममा झापा तथा बुटवलमा र काठमाडौंमा सशक्त रूपमा युवा मार्चपास कार्यक्रम सम्पन्न भएका छन् ।

**च) आर्थिक विषय सम्बन्धी काम :**

- अर्थोपार्जन सम्बन्धी कतिपय कामलाई नीति, योजना र प्रक्रियामा अगाडि बढाउने काम भएको छ । अब त्यसलाई ठोस ढंगले व्यावहारिक रूप दिन जरुरी छ ।
- लेवी र कोटा सम्बन्धी निर्णयको कार्यान्वयन केही हदसम्म भएको छ । तर समग्रमा यसतर्फ आवश्यक ध्यान दिइएको छैन । कतिपय प्रदेशहरूबाट केन्द्रमा कोटा पठाइएको छैन ।

**छ) कार्यगत एकताबारे**

- कार्यगत एकताको नीतिलाई व्यावहारिक रूप दिने प्रयास हुँदै आएको छ । कतिपय काममा दुई तथा बहुपक्षीय रूपमा कार्यगत एकता भएका छन् ।
- कार्यगत एकताको काम केही जटिल र वक्र गतिमा, एकता र संघर्षका बीचबाट अगाडि बढिरहेको छ । चार पक्षीय एकतामा गम्भीर प्रकृतिका समस्या पैदा भएका छन् ।
- अहिले चार पक्षीय एकताबाट नेकपा (मसाल) हटेको छ र अन्य कतिपय पक्षबाट समावेश हुनका लागि प्रस्ताव आएको छ ।

**ज) पार्टी एकता र ध्रुवीकरणबारे**

- कतिपय प्रदेशहरूमा विभिन्न पक्षका अवसरवादसित विद्रोह गरी क्रान्तिकारी कमरेडहरूद्वारा पार्टीमा एकताबद्ध हुने काम भएको छ ।
- सम्बन्धित विभिन्न पक्षसित बेग्लाबेग्लै रूपमा वार्ता भएका छन् । पार्टी एकताका लागि आधार तयार पार्ने प्रक्रिया र त्यस सम्बन्धी वार्ताबाट नेकपा (मसाल) बाहिरिएको छ ।
- कतिपय पक्षसित गम्भीर छलफलको प्रक्रियालाई अगाडि बढाउने ठेगान भएको छ ।
- पार्टी एकता तथा ध्रुवीकरणबारे अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन र यस क्षेत्रमा अवसरवाद व्याप्त रहेको छ ।

**झ) पार्टी कामका कमी, सीमा र समस्या**

- संगठन, संघर्ष लगायतका कैयौं कामहरू सकारात्मक रूपमा अगाडि बढेका छन्, परन्तु तिनमा अझै कैयौं कमी र सीमा रहेका छन् ।
- पाँच महिने अभियानका काम केही सम्पन्न भएका छन् र केही अझै बाँकी छन् ।
- सिंगो पार्टी कामलाई अगाडि बढाउने प्रक्रियामा कैयौं समस्याहरू पैदा हुँदै आएका छन् । त्यस प्रकारका समस्याहरू- वैचारिक, आर्थिक, पार्टी र जनवर्गीय मोर्चाका बीचको सम्बन्ध, भौगोलिक र गैरभौगोलिक कामका बीचको सम्बन्ध, जिम्मेवारीबोध र क्रियाशीलतासित सम्बन्धित रहेका छन् । पार्टीमा क्रियाशील हुने र नहुने तथा जिम्मेवारी पालन गर्ने र नगर्ने प्रवृत्तिका बीच संघर्ष चल्दै आएको छ ।

**ञ) निष्कर्ष र समाधान**

- पार्टी कामका उपलब्धि र कमी तथा सीमामाथि ध्यान दिंदा मूलतः उपलब्धि नै बढी छन् ।
- पाँच महिने अभियान सामान्यतः उपलब्धिमूलक रहेको छ र त्यसले अझै पूर्णता पाएको छैन ।
- कमी, सीमा र समस्याको समाधान गर्दै अव अभियानका बाँकी कामलाई परिमार्जित रूपमा अगाडि बढाउन र पार्टीमा केन्द्रीय समिति हुँदै तलसम्म सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- संगठनविना संघर्ष अगाडि बढाउन तथा कामलाई व्यवस्थित बनाउन सकिदैन र अब दुवैका बीच आवश्यक तालमेल मिलाएर अगाडि बढ्नु पर्दछ ।
- संगठनको फाँटमा निरन्तरता मात्र होइन क्रमभङ्गका रूपमा गुणात्मक ढंगले अगाडि बढ्न जरुरी छ ।

**आगामी कामबारे**

मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शन, राष्ट्रिय सम्मेलनको निर्देशन तथा गत केन्द्रीय समितिको बैठकमा पारित योजनामाथि आवश्यक ध्यान दिंदै र पार्टी कामको मूल्याङ्कनलाई राम्रोसित आत्मसात् गर्दै आगामी कामबारे निम्नानुसार नीति, कार्यक्रम तथा योजना बनाउनु पर्दछ ।

१. वर्तमान दलाल तथा नोकरशाही एवम् सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्ता, संसदीय व्यवस्था, त्यसका सम्वाहक राजनीतिक शक्ति, साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप तथा उत्पीडन र सरकारमा आसीन दक्षिणपन्थी अवसरवादी शक्तिहरू विरुद्धको सङ्घर्ष र नयाँ जनवादी क्रान्तिको तयारीका कामलाई अगाडि बढाउनु पर्दछ ।

२. उक्त उद्देश्य प्राप्तिका लागि एउटा महत्वपूर्ण साधनका रूपमा सञ्चार (मिडिया) का कामको विशेष महत्व छ । सञ्चार क्षेत्रले पार्टीका निम्ति संगठन, प्रचार र आन्दोलनका कामलाई अगाडि बढाउन विशेष भूमिका निर्वाह गर्दछ । यसबारे हामीले विशेष ध्यान दिन जरुरी छ । तसर्थ सञ्चारका कामलाई सुचारु तथा व्यवस्थित पार्नका लागि सिङ्गो पार्टी खट्नु पर्दछ । यसलाई ठोस अभियान बनाई अगाडि बढाउनु पर्दछ ।

३. सङ्गठनको काममा विशेष जोडदिंदै त्यसलाई सङ्घर्षसित आबद्ध गर्नुपर्दछ । सङ्गठन-सङ्घर्ष-सङ्गठनको मान्यतालाई दह्रोसित पकड्नु पर्दछ ।

४. संगठन तथा काममा केन्द्रीकरण, विचार भावना तथा बुझाइमा एकरूपता, पार्टी निर्णयको कार्यान्वयन र गलत चिन्तन तथा प्रवृत्तिसित जुझ्दै क्रान्तिकारी रूपान्तरणका लागि सुदृढीकरण कार्यक्रम अनिवार्य रूपमा आवश्यक छ । पार्टीको सुदृढीकरणको कामलाई केन्द्रविन्दुमा राखी सङ्गठन विस्तारका काममा अगाडि बढ्नु पर्दछ । पार्टी सुदृढीकरणको काम केन्द्रीय समितिबाट सुरु गर्नु पर्दछ । र, त्यसलाई वैचारिक तथा साङ्गठनिक दुवै दृष्टिले आत्मालोचना-आलोचनाको मान्यता, एकता-सङ्घर्ष-मुख्यतः रूपान्तरणको पद्धति तथा जिम्मेवारी पालनको कसीद्वारा अगाडि बढाउनु पर्दछ ।

५. पार्टी कामको आवश्यकतामाथि ध्यान दिंदै साङ्गठनिक क्षेत्रमा अस्थायी संयन्त्रका रूपमा प्रदेश समन्वय व्यूरो बनाउनु पर्दछ ।

६. संयुक्त मोर्चा, जनवर्गीय सङ्गठन तथा जातीयक्षेत्रीय आदि मोर्चाका सङगठनहरूको प्रदेश तथा राष्ट्रिय स्तरमा भेला एवम् सम्मेलनको तयारीमा लाग्नु पर्दछ ।

७. जुझारु मोर्चाका कामलाई सङ्गठित गर्नु पर्दछ ।

८. केन्द्रीय स्तरमा विभिन्न विभागहरूको गठन/पुनर्गठन गर्नु पर्दछ ।

९. केन्द्रीय सल्लाहकार समितिको निर्माण गर्नु पर्दछ ।

१०. सङ्घर्षलाई केन्द्रीय, प्रादेशिक र स्थानीय तीनै तहमा सङ्गठित गर्नु पर्दछ । प्रादेशिक तथा स्थानीय तहको सङ्घर्षमा विशेष जोड दिनु पर्दछ । वर्गसंघर्ष र प्रतिरोध संघर्षको तयारीमा विशेष जोड दिनु पर्दछ ।

११. सामान्यतः राष्ट्रियता, जनतन्त्र र जनजीविका तथा विशेषत संयुक्त मोर्चा, जनवर्गीय मोर्चा तथा जातिय तथा क्षेत्रीय आदि मोर्चाका ठोस मागहरूलाई सूत्रबद्ध गरी संघर्षको तयारी गर्नु पर्दछ ।


१२. आर्थिक दृष्टिले पारिवारिक रूपमा धानिदै आएका पूर्णकालीन कमरेडहरूलाई सधन्यवाद उत्प्रेरित गर्ने र आर्थिक रूपमा कमजोर रहिआएका पूर्णकालीन कमरेडहरूको न्यूनतम रूपमा व्यवस्थापन गर्नेतर्फ विशेष जोड दिनु पर्दछ ।

१३. आर्थिक क्षेत्रमा लेबी तथा कोटा प्रणालीलाई नियमत गराई अर्थोपार्जनका काममा विशेष जोड दिनु पर्दछ ।

१४. सङ्घर्षका लागि आफ्नै पहलमा जोड र कार्यगत एकतामा ध्यान दिनु पर्दछ ।

१५. आफ्नै पार्टीको सुदृढीकरण एवम् विस्तारमा विशेष जोड र अन्य क्रान्तिकारी कम्युनिस्ट समूहसितको एकता तथा ध्रुवीकरणमा आवश्यक ध्यान दिनु पर्दछ ।

*(२०७५ असार १२ देखि १६ गते सम्म सम्पन्न केन्द्रीय समितिको बैठकमा महासचिव क. किरणद्वारा प्रस्तुत तथा पारित)*



दुर्वाच्य

रामचन्द्र हुमागाई



## देश कसैको स्वार्थ साँध्ने मैदाल होइन

गणतन्त्र र त्यसपछि निर्मित सम्विधानपछि नेपाल नौलो अनुभव गरिहेको छ । इतिहासमै दुइतिहई वहुमतको सरकार त बनेको छ तर त्यसको अनुभव जनताले गर्न पाएका छैनन् । गरुन पनि कसरी ? उही प्रशासन उही सरकारी सँरचना र उही बिचारको हालीमुहाली छ, नयाँ मानिस, नयाँ सँरचना र नयाँ व्यवस्था त कता हो कता ? नयाँ सम्विधान अनुसार स्थानीय तहको निर्वाचन सम्पन्न भएको एकवर्ष नाघिसक्यो संसद् र प्रदेशको निर्वाचन सम्पन्न भएको पनि छ महिना भन्दा बढी भैसकेको छ । तैपनि सरकार केमा अल्मलिएको छ भन्ने कुरा जनताले ठम्याउँनै सकेका छैनन् । जनता अलमल्लमा छन्, नेताहरू असरल्ल ।

निर्वाचन अगाडि निकै ठूलो आशा थियो थिए । 'यो सरकारले केही गर्छ' । थकित यात्रीले आशा गर्नु स्वभाविकै पनि थियो । ठूला ठूला सपना होइन, शान्ति र समृद्धिको बाटोमात्रै यो सरकारले पक्रिदिए हुन्थ्यो भन्ने आशा धेरैको थियो । कम्युनिस्टले मात्रै होइन, थकित काँग्रेस र पञ्चहरूले समेत आशा गरेका थिए । शान्ति त त्यसै थियो, शान्त स्वभावमा नेपालीहरूमा यसले खासै फरक पार्ने थिएन तर समृद्धि महत्वपूर्ण थियो, नेताहरूको चिच्याट लाग्दो बोलिलाई भित्रभित्रै पचाएर राखेका. थिए, बोल्न जे पनि पाइन्छ तर गर्न पनि सक्नुपर्छ । हाम्रो जस्तो देशमा समृद्धिको यात्रा धेरै लामो भैसक्यो तर यात्रा पहिल्यायो भने लक्ष्यमा पुग्न त्यति दगुर्नु पर्दैन । श्रोत र साधनको खानीमा भण्डार खोल्ने वित्तिकै समृद्धिको शिखरमा पुगिन्छ तर समृद्धिको ढोका कस्ले कसरी खोल्ने भन्ने विषयमै अल्मलिएका छन् नेपाली नेताहरू । कोबाट यसमा बाधा अड्चन पुगेको छ, त्यसको पहिचानको आवश्यकता छ तर बिरालाको घाँटीमा कुन सुसाले घण्टी बाध्ने भन्ने कुराले सधै. पिरोलेको छ । यहाँ दूध चोर विरालाको कथा मननयोग्य हुन्छ । ती दूधचोर विरालाहरू एउटै घरमा पल्किएका छन्, कसले दुष्ट र भ्रष्ट माथि कारवाही गर्ने ? आफैं करवाहीमा पर्न कोही चाहदैन । त्यसैले समश्यको जड फुक्न सकेको छैन ।

डा गाबिन्द केसीलाई हेरौं, केसी समश्या हुन कि समाधान ? बुद्धिमत्तापूर्ण छानविन गर्ने एकजना पनि मानिस देखापरेको छैन, परोस पनि किन ? उ आफैं जालभित्र पर्ने सम्भावना हुन्छ । विना छानविन जड पत्ता लाग्न सक्तैन । सरकार महिनौं देखि त्यसैमा अल्मलिएको छ । सरकारका लागि डा गोविन्द केसी मात्रै जनता होइनन् नि ! जहा जतिवेला मनलाग्यो त्यही गएर भोकहड्ताल शुरु गरिहाल्ने ? दुइकरोड ८० लाख जनता के कुनै मर्कामा परेका छैनन् ? मानव अधिकारवादीको खोल वोडेर डलरको छहारीमा सुत्नेहरूले अव न्याय र अन्यायको फैसला आफैंले गर्नुपर्ने दिन आइरहेको छ । सरकारले पनि दुइतिहाईको आडमा मुकुण्डो लगाएर समाजलाई हेर्नु मुर्खतापूर्ण हुन्छ ।

कलेज नखोल ! भनेर प्रतिबन्ध लगाउँन भोकहड्ताल गर्ने देश कही पनि छैन । बरु नक्कली प्रमाणपत्र नबाँड, फि बढी नले । भन्ने पो अधिकार भित्र पर्छ । विहारका विश्वविद्यालयले विक्री गरेका प्रमाणपत्रले अहिले पनि नेपाल सरकारका निकायहरूमा जागिर खाइरहेका छन् । कतिपय नक्कली प्रमाणपत्र धारी हाकिमले अर्को नक्कली प्रमाण्पत्र धारीको प्रमाणपत्र जाँच गर्दा आफ्नै जस्तो देखिएको र गुपचुप रहेको पनि प्रमाण हामीसँग छ । यस्ता कुरामा उजुरी दिन कहाँजाने ? हालै भएको एसईई परिक्षाको नतिजा पछि सेन्टमेरिज र सेन्ट जेभियर्स, जो बृटिस सरकारको मातहतमा नेपालमा चलिरहेका छन् । उनीहरूले प्रति बिद्यार्थी रु ५० हजारसम्म घुस लिएर भर्ना गरेको र ९७.८ प्रशित अँक ल्याउँने विद्यार्थीको नाम समेत ननिकालेको प्रमाण हामीसँग छ, यसको उजुरी गर्न कहाँजाने ?

यि त देखिएका प्रमाण भए, नदेखिएका प्रमाण नेपालमा कति छन् कति ? ती सबैको जिम्मा लिने कसले ? नेपाल शिक्षामा बिस्तारै लौरो टेकेर बामे सर्दै छ, बामे सर्दै गरेको बालखका खुट्टा बिचैमा तानेर आफूभन्दा पछाडि धकेल्नु भनेको आफ्ना सन्ततीलाई गुमराह गर्नु हो, डा केसीले यस्ता अनेक बिकृतिका विरुद्ध आवाज उठाएका भए पक्कै पनि जनताको आश्वासन पाउँथे । अहिले त केवल डाक्टरहरूको समर्थन पाएका छन् त्यो पनि सीमित डाक्टरहरू मात्रै उनको पछि लागेका छन् । सरकार पनि सीमित व्यवसायीको उक्साहटमा लागेको छ, यसले कसैलाई फाइदा पुग्दैन । देश भनेको कसैको स्वार्थ साध्ने भण्डार होइन ।

सर्प पनि मर्ने, लाठी पनि नभाचिंने एउटा उपाय छ । त्यो हो, प्रत्येक सँघमा एकएक मेडिकल कलेज खोल्ने । ती मेडिकल कलेजहरू जनताको पहुँचमा रहेको हुनुपर्ने अर्थात् जेहेन्दार विद्यार्थीले पढ्न सक्ने हुनुपर्ने । पैसावाला परिवारले जहाँसुकै लैजावस, आखिर उसले छोरा वा छोरीलाई डाक्टरी पढाउँनु भनेको पैसा खर्च गरेर पैसा कमाउँने दाउँ न हो ? दाउपेचमा अवको राजनीतिलाई रुमलेर राख्नु हुन्न । जे जति रुमलियो पहिले नै रुमलियो ।

कतिपय कुरा भनेर साध्य नलाग्ने पनि हुन्छन् । डा. गोविन्द के. सीं अहिले भोक हड्तालमा छन् । यही भोकहड्ताललाई विषय बनाएर मानवअधिकारवादीहरू पानी धमिलो वनाउँने प्रयासमा छन् । तर, मानव अधिकार त त्यहाँ पनि लाग्छ नि ! जहाँ भोकहड्ताल चलिरहेको छ । के कोही जानाजान मर्न तयार हुन्छ भने त्यसलाई सरकारले बचाउँने प्रयास गर्ने कि नगर्ने ? नगर्ने हो भने डा केसींलाई अहिले नै ज्यान सम्वन्धि ऐन लाग्छ र ज्यानमार्ने उद्योगमा लागेको अभियोगमा गिरफ्तार गर्न सरकार बाध्य हुन्छ । यहाँनेर डा. केसीलाई पिठ्युमा बोकेर हिड्ने अधिवक्ताहरू के हेरेर बसेका छन्, भन्न पनि त सकिन्छ तर डा. केसीले जनतासँग प्रत्यक्ष सरोकार राख्ने कुरामा आवाज उठाइरहेका छन् भने उनको जीवनरक्षा गर्ने कर्तव्य सरकार र अन्य सर्वसाधारणको पनि हो । तर, आवाज कति जायज छन् र कति नाजायज छन् भन्नेकुरा छुट्याउन सक्नुपर्‍यो ।

कतिपय मानिसहरूले डा. केसीको भोकहड्ताललाई महात्मागान्धीसँग जोड्ने पनि गरेको पाइयो । के डा. गोविन्द केसी र महात्मागान्धीको विषय एउटैथियो त ? थिएन भने हचुवाको भरमा राजनीतिगरेर हुँदैन, तथ्यमा आधारित विषयलाई आत्मसाथ गर्दै जानु आवश्यक हुन्छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, सिराहा, रातपुर
फोन नं. : ०१-५१८७२९६
बल्खु, काठमाडौं ।

**रोयल बुईपा A/C जम्बो हाईस**

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म



काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७११६९७
इन्द्र कट्टेल - ९८१६८१५२१०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६१०
- ९८१५७८६८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

**टाटासुमो बोलेरो**

काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
*(रिजर्भ चाहिएमा)*

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०

**रिजर्भ चाहिएमा सम्पर्क**
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# आलोपालो

## हामीले कस्तो कम्युनिष्ट पार्टी बनाउने ?


● धनेश्वर पोखरेल 'शिशिर'

अहिले कम्युनिष्ट पार्टी कस्तो हुने भन्ने विषयमा धेरै चर्चा परिचर्चा हुन थालेको छ । वास्तवमा मुलुकमा यौटै कम्युनिष्ट पार्टी हुनु पर्ने हो, तर धेरै छन् । जनतालाई कुन कम्युनिष्ट पार्टी सही हो वा होइन भन्ने विषयमा निकै अन्यौलता छ । यो अन्यौलताबाट मुक्त नपारेसम्म जनताले खास आफ्नो वर्गको प्रतिनिधि छुट्याउन सक्तैनन् र कम्युनिष्ट आन्दोलन अगाडि बढ्न सक्दैन । तर यो जादुको छडीमा यो अन्यौलताको बादल फाट्न सक्तैन । यसको लागि ठोस नीति, सिद्धान्त र कार्यदिशा अनि कार्यदिशा अनुरूपको योजना र व्यवहारिक प्रयोगको आवश्यकता पर्छ । त्यसको साथ साथै त्याग र वलिदानको त्यत्तिकै आवश्यकता पर्छ ।

यतिबेला मुलुकमा धेरै कम्युनिष्ट पार्टी विद्यमान छन् । सबैले आफूमात्र सही भएको र अरु गलत भएको भनेर जनतामा काफी भ्रम छरेका छन् । जनता भने अन्धाले हाती छामे जस्तै भएका छन् । नेपालमा अहिले एकथरि "कम्युनिष्टहरू" उही पुरानै प्रतिक्रियावादी संसदीय व्यवस्थालाई निर्विकल्प ठानेर सत्तामा निर्लिप्त छन्, र उनीहरू नेपालमा जनवाद आयो, कम्युनिष्टको बहुमतको सरकार बनिसक्यो, मुलुकमा अब क्रान्तिको आवश्यकता छैन भनेर कोकोहोलो मच्चाइ रहेका छन् । अर्का थरी 'कम्युनिष्टहरू' कुरा क्रान्तिका, जनवादका, आमूल परिवर्तनका गर्ने काम वर्तमान सत्ताको तावेदारी गरी व्यक्तिगत स्वार्थ पूरा गर्न मरिहत्ते गर्ने गरेका छन् । अर्कोथरि कम्युनिष्ट राष्ट्र र जनताको मुक्तिको खातिर नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद र साम्यवादको लक्ष्यमा अघि बढेको, उत्पीडित सर्वहारावर्गको अधिनायकत्व कायम गरी मुलुकको सर्वाङ्गीण विकास-निकास गर्ने उद्देश्य लिएको क्रान्तिकारी पार्टी विद्यमान छ ।

त्यस्तै आफूलाई कम्युनिष्ट भन्दै आएका तर मार्ग निर्देशक सिद्धान्त र गन्तव्य नै थाहा नभएका कतिपय कम्युनिष्ट नामधारी पार्टीहरू पनि छन् । सबैले आफूलाई उत्कृष्ट अर्थात् सच्चा कम्युनिष्ट परिभाषित गर्दै आएका छन् । यो वा त्यो रूपमा जनता सबैतिर विभाजित हुन पुगेका छन् । सुन पसलका गहना देखेर ग्राहकहरू रनभुल्लमा परेझैं कुन छापावाला सुन हो, कुन जलप लगाएको सुन हो, कुन पित्तल हो, सबै पहेंला र चम्किला देखिन्छन्, सही कुन छुट्याउन सामान्य ग्राहकलाई जति मुस्किल पर्छ, त्यत्तिकै मुस्किल सच्चा कम्युनिष्टको पहिचान गर्न जनतालाई भै राखेको छ ।

दक्षिणपन्थी संशोधनवाद र विविध खाले अवसरवादको कालो बादल मडारिइरहेको वर्तमान अवस्थामा वास्तविक कम्युनिष्टमा हुनुपर्ने आधारभूत सर्तहरूबारे जनतालाई सुसूचित गर्नैपर्छ । कसैलाई व्यक्तिगत रूपमा गाली गलौज गरेर, आग्रह-पूर्वाग्रह राखेर निराधार कम्युनिष्टको व्याख्या विश्लेषण गर्नुभन्दा मार्क्सवादका आधारभूत सर्तहरूमा आधारित रहेर सच्चा कम्युनिष्ट को हो र को होइन भन्ने कुराको निर्क्यौल गर्नु पर्छ ।

अहिलेको उत्तर आधुनिकतावादी तथा उत्तर मार्क्सवादीहरूले जस्तोसुकै तर्क-कुतर्क दिए तापनि मार्क्सवादलाई भ्रष्टिकरण गर्न खोजे तापनि मार्क्सवादको सार्वभौम सिद्धान्त भनेर निम्न लिखित बुँदाहरूलाई विश्व सर्वहारा वर्गले मान्दै आएको छ र यी सिद्धान्तहरूलाई आत्मसात् गरेर अगाडि बढ्ने कम्युनिष्ट नै सच्चा कम्युनिष्ट हुन सक्छन् । ती सिद्धान्तहरू हुन् : १) द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, २) वर्ग संघर्ष, ३) सर्वहारा वर्गको अधिनायकत्व, ४) क्रान्तिमा सशस्त्र बल प्रयोगको भूमिका ।

एउटा सच्चा कम्युनिष्ट पार्टीको निम्ति यी नितान्त आधारभूत गाइड लाइन हुन् । त्यसको आधारमा मार्क्सवादले लेनिनवाद र माओवादसम्मको विकास गरेको छ । अहिलेको सन्दर्भमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई अस्वीकार गर्ने कोही पनि सच्चा कम्युनिष्ट मानिदैन । यो कुनै व्यक्ति विशेषको मनोगत विश्लेषण नभएर सिंगो सर्वहारा वर्ग र द्वन्द्वात्मक भौतिकवादी विज्ञानको ठहर हो । यो सिद्धान्तलाई मार्ग निर्देशक सिद्धान्तको रूपमा आत्मसात् गरेर अगाडि बढ्नुपर्छ भन्ने मान्छेहरूलाई अहिलेका कथित कम्युनिष्टहरू जसले मूलतः मार्क्सवाद त्यागिसकेका छन्, ख्रुश्चेभवादी बाटो समातिसकेका छन् र त्यो बाटो हिँड्न तम्सेका छन्, उनीहरूले जडसूत्रवादीको आरोप लगाउँदै आएका छन् । हुन त बाटो विराएका, विचारबाट विचलित भएका र आफ्नो वर्गप्रति घात गरी अर्को वर्गमा आत्मसमर्पण गरेका दक्षिणपन्थी अवसरवादीहरूले क्रान्तिकारीहरूलाई जड्सूत्रवादको आरोप लगाउनु उनीहरूको धर्म हो । यस्तो काम त मार्क्स, लेनिनको पालादेखि नै हुँदै आएको हो । यसबाट क्रान्तिकारीहरूलाई कुनै असर पर्दैन, बरु त्यो प्रवृत्तिबाट बच्न सघाउँनै पुऱ्याउँछ । रुसमा लेनिनको पार्टी (बोल्सेभिक)लाई मेन्सेबिकहरूले सँधै त्यही आरोप लगाए, चीनमा पनि माओविरुद्ध यस्ता मनगढन्ते आरोप नआएका होइनन् । नेपाली कम्युनिष्ट आन्दोलन पनि त्यसको अपवाद हुन सक्तैन । पूर्व माले अर्थात् झापाली समूहले ०३१/३२ सालमा तात्कालिन नेकपा (एम.बि.ले नेतृत्व गरेको पार्टी) लाई पहिले दक्षिणपन्थी भनेर खुब बद्नाम गर्ने कोशिस गरे । पछि आफै दक्षिणपन्थी बाटो समाएर पञ्चायतपरस्त हुन थालेपछि त्यही पार्टी (एम.बि. नेतृत्वको)लाई जड्सुत्रवादी भन्न थालेको इतिहास ताजै छ ।

ठीक त्यस्तै अहिले कम्युनिष्ट विचार नै छोडेर गएका बाबुराम र मालेमावादी विचार सिद्धान्त र आफ्नो वर्गलाई नै परित्याग गरी दक्षिणपन्थी अवसरवादको सिकार भएका अर्थात् नयाँ जनवादी क्रान्तिप्रति कुठराघात गरी प्रतिक्रियावादी संसदीय आहालमा चुर्लुम्म डुबेका प्रचण्ड-बादल मण्डलीहरूले क्रान्तिकारी माओवादीलाई जडसुत्रवादी भन्नु र त्यसका विरुद्ध न्वारनदेखिको बल प्रयोग गर्नु उनीहरूको वर्ग चरित्र नै हो । उनीहरूको त्यो आरोपले सच्चा क्रान्तिकारीहरूको कतै रौं पनि हल्लिदैन । युद्धताका प्रतिक्रियावादी शासकहरूले माओवादीलाई आतंकवादीको आरोप लगाएर बदमान गर्न खोजेकै हो । माओवादीको लागि भने त्यो शब्द प्रिय नै बन्यो । त्यस्तै अहिले पनि उनीहरूका शब्दहरू हाम्रा निम्ति प्रिय नै छन् । तर सच्चा क्रान्तिकारीहरू जडसुत्रवादका विरोधी हुन्छन् भन्नेकुरा इतिहाससिद्ध भै सकेको छ । मालेमावाद जडसुत्रीय दर्शन सिद्धान्त होइन, यो त गतिशील विज्ञान हो ।

**अब हामीले कस्तो कम्युनिष्ट पार्टी बनाउने ?**

लेनिनको बोल्सेविक पार्टी बनाउने कि मार्तोभहरूको मेन्सेविक पार्टी बनाउने ? स्टालिनले नेतृत्व गरेको सोभियत कम्युनिष्ट पार्टी बनाउने कि ख्रुश्चेभ-ब्रेजनेभको दक्षिणपन्थी संशोधनवादी पार्टी बनाउने ? माओको जस्तो पार्टी बनाउने कि देङ मण्डलीहरूको जस्तो ? ओली-प्रचण्ड कम्पनीको जस्तो प्रतिक्रियावादमा पतन भएको दक्षिणपन्थी संशोधनवादीहरूको जस्तो कम्युनिष्ट पार्टी बनाउने कि मालेमावादी विचार-सिद्धान्तलाई आत्मसात् गरी वर्गीय तथा राष्ट्रिय मुक्तिको लागि समर्पित पार्टी बनाउने ? शब्दमा क्रान्तिकारी व्यवहारमा अवसरवादी पार्टी बनाउने कि सिद्धान्त र व्यवहारलाई सँगसँगै मिलाएर लैजाने क्रान्तिकारी पार्टी योद्धाहरूको जुझारु पार्टी बनाउने ? फैसला गर्नुपर्ने बेला आएको छ ।

वास्तवमा हामीले यस्तो कम्युनिष्ट पार्टी बनाउनु पर्छ । जो दुश्मनसामु कहिल्यै नझुकोस्, जस्ले मालेमावादी विचार राजनीति, सिद्धान्त र दर्शनलाई हमेसा आत्मसात् गर्दै हजारौं चुनौतीसँग जुध्न तयार होस् । हामीले त्यस्तो पार्टी बनाउनु पर्छ, जस्ले लेनिनले भन्नु भएको झैं आफ्ना गल्ती कमजोरीहरू बनाउँदै तिनीहरूलाई हटाउन प्रतिबद्ध होस्, त्यतिमात्र होइन स्वार्थ, आफूभित्रको फोहोर मैला हटाउन कन्जुस्याई नगरोस् र उदार नबनोस् । हामीले त्यस्तो पार्टी बनाउनु पर्छ, जो सिंगो सर्वहारा वर्ग, किसान, मजदुर, युवा, महिला, मुस्लिम, दलित, आदिवासी, जनजाति लगायतका तमाम उत्पीडित वर्ग समुदायको मुटुको ढुकढुकी बनोस् र उनीहरूकै नेतृत्व प्रदान गरोस् । त्यस्तो पार्टी बनाउनु पर्छ जसमा कम्युनिष्ट निष्ठा आदर्श, नैतिकता, अनुसाशन, इमान्दारिता र त्याग वलिदान आदि गुणले सम्पन्न होस् । पार्टीको मुख्य नेतृत्वदेखि तल्लो पंक्तिसम्म लौह अनुशासन होस् । हामीले त्यस्तो पार्टी चाहिएको छ जस्ले दुश्मनलाई पनि चिनोस् र आफूलाई पनि चिनेर अगाडि बढोस् । हो, हामीलाई त्यस्तो पार्टी र नेतृत्वको खाँचो छ । हामीलाई मालेमावादी दर्शन सिद्धान्तलाई आफ्नै देशको सापेक्षतामा जनवादी क्रान्ति सम्पन्न गरी नयाँ श्रृखलामा माथि उठाओस्, त्यस्तो पार्टी र नेतृत्वको विकास गर्नु छ ।

के हामी त्यस्तो पार्टी बनाउँन सक्छौं ? अवश्य पनि सक्छौं र सक्नुपर्छ । हामीसँग इतिहासले जन्माएको त्यो पुँजी छ । हामीसँग दशवर्षे महान् जनयुद्धले जन्माएको त्यो मजवुत जग छ । हामीसँग जनआन्दोलनबाट खारिएर आएका दरिलो खम्बा छ । त्यतिमात्र हैन हामीसँग दुश्मनलाई एक एक गरेर ध्वस्त पार्ने धारिलो सैद्धान्तिक हतियार छ । हामीसँग चुनौतीका पहाडहरू भत्काउने दरिलो हिम्मत र आँट छ । हामीसँग उत्पीडनमा पिल्सिएर छट्पटाई रहेका मुक्तिको निम्ति निकास खोजिरहेको उत्पीडित जनता र सिङ्गो सर्वहारा वर्ग छ । यी सबैलाई संगठित गर्ने जिम्मेवारीबोधका साथ फिल्डमा होमिने क्रियाशिलताको खाँचो यतिबेला छ । पार्टी र क्रान्तिप्रतिको विश्वासको खाँचो यतिबेला छ । क्रान्तिकारी शक्तिहरू बीच दरिलो एकता र प्रतिवद्धताको खाँचो छ । यो पूरा गर्न हामी सबैको दायित्व र कतर्व्य हो । लेनिनले भन्नु भए झैं यदि हामीले आमूल परिवर्तन गर्नु छ भने क्रान्तिकारी पार्टी नै हुनै पर्छ ।

उपरोक्त सबै तथ्यहरूलाई 'मिट गर्ने' नेपालको वर्तमान सन्दर्भमा एक मात्र कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) देखिएको छ । अंक गणितीय हिसाबले कसैको नजरमा यो पार्टी सानो अर्थात् नगन्य होला । कार्यनीतिक दृष्टिले कमजोर होला, तर सबैलाई यो स्मरण होस् कि यो पार्टी हाम्रा विरोधीहरूले सोचे जस्तो कमजोर र सानो छैन । यो अरु जस्तो रूग्ण र मरन्च्यासे पनि छैन । योसँग गतिशील जीवन छ । मिसन र रणनैतिक दृष्टिले यो प्रतिक्रियावादी संसदीय व्यवस्थाको वैकल्पिक शक्तिको रूपमा यो जबर्जस्त स्थापि त हुने छ । यो इतिहासको अपरिहार्य आवश्यकता हो ।

## प्रतिरोध...

शाहको राज्य-विस्तारबाट नेपालमा शाहवंशीय शासनको स्थापना भएपछि सामन्ती व्यवस्थाले एउटा मोड लियो । युगौंदेखि चल्दै आएको सामन्ती शोषणमाथि पृथ्वीनारायण शाहले अर्को एउटा शोषण थपे । त्यो शोषण हो, जातीय दमन ।

शाहवंशीय शासनका कारण नेपाली जनताले अत्यन्त क्रुर खालको सामन्ती शोषणको जाँतोमा पिल्सिनुका साथै जातीय भेदभावको कष्ट पनि भोग्नुपऱ्यो । शाहवंशीय शासनले वास्तवमा विभिन्न जातिका जनतामाथि आन्तरिक औपनिवेशवादी शासन लागू गरेको थियो । खस जातिका जनताले क्रुर सामन्ती शोषण, दमन र अत्याचार भोग्नुपऱ्यो भने अरु जातिका जनताले सामन्ती शोषणमा थप जातीय, सांस्कृतिक, धार्मिक र भाषिक दमन पनि भोग्नु पऱ्यो । शाहवंशीय शासन कालमा, राणाशासन र २००७ सालपछिका विभिन्न चरणका शासनमा पनि नेपाली जनतामाथि सामन्ती शोषण र जातीय दमन कायम रह्यो । मजदुर, किसान, आदिवासी जानजाति, मधेसी, दलित, महिला, पिछडिएको क्षेत्र, माओवादी, सात राजनीतिक दलले गरेको २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको राप र तापबाट बनेको अन्तरिम संविधानले (२०६३) मात्र प्रथम पटक स्वीकार गऱ्यो 'मधेसी जनता लगायत अदिवासी जनजाति, पिछडिएका र अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ, प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुनेछन्, स्वायत्त प्रदेशहरूको सीमा, संख्या, नाम र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ' (पाँचौसंशोधन २०६५)। तर ने.का. एमाले र मा.के.को ९५ प्रतिशतको वहुमतले निर्माण गरेको नयाँ संविधानले (२०७२) अन्तरिम संविधानको उक्त मर्म र भावनालाई नकारेको छ र लल्कारेको छ ।

**नेपालको संविधान र जातीय उत्पीडन**

नेपालमा युगौंदेखि 'खस-आय' इतरका जाति/जनजाति, भाषा र गैर-हिन्दु धर्मावलम्वीहरूमाथि दमन, शोषण र उत्पीडन हुने गरेको माथि भनियो । नेपालको नयाँ संविधानको (२०७२) धारा ३ ले समेत नेपाल बहुराष्ट्रिय राज्य हो भन्ने यर्थाथलाई अस्वीकार गरेकोछ । धारा ४ (१) ले नेपाल 'धर्मनिरपेक्ष' राज्यको 'स्पष्टीकरणः यस धाराको प्रयोजनको लागि 'धर्मनिरपेक्ष' भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सास्कृतिक स्वतन्त्रता सम्झनु पर्दछ' भनेर खिल्ली उडाएको छ । धर्मनिरपेक्षताको सार्वभौम मान्यताको धज्जी उडाएको छ र हिन्दु राष्ट्रको पक्षपोषण गरेको छ । धारा ९ मा राष्ट्रिय जनवार गाई लेखेर हिन्दुत्वको (गाईवाद) रक्षा गरेको छ । धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भनिए तापनि खस-भाषालाई 'नेपाली र सरकारको कामकाजको भाषा' तोकेर विशेषाधिकार प्रदान गरिएको छ । धारा- ८ मा हिन्दु मन्दिरमा राखिने 'चन्द्र सूर्य' अंकित तिन चुच्चे दुई पाता भएको झण्डालाई राष्ट्रिय झण्डा भनिएको छ । ओली, प्रचण्ड र सुशील कोइरालाको नेतृत्वले निर्माण गरेको संविधानको उक्त धाराहरू राजा महेन्द्रको संविधान (२०१९) सँग तादम्यता राख्दछ । यसले कतै पनि नेपाल बहुजातीय, बहुभाषिक तथा विविध धर्म-संस्कृति भएको साँचो अर्थमा 'धर्मनिरपेक्ष' मुलुक हो भन्ने कुराको मान्यता राखेको छैन । यो संविधान धर्मनिरपेक्ष राज्यको विरोधी छ र ओली प्रचण्डको गठजोड सरकार धर्मनिरपेक्ष राज्यको विरोधी सरकार हो ।

नेपालको अन्तरिम संविधानले (२०६३) संसदमा (प्रतिनिधिसभा) प्रत्यक्ष निर्वाचनबाट ४२ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीबाट ५८ प्रतिशतको व्यवस्था गरेको थियो । साथै समानुपातिकतर्फ राजनीतिक दलले उम्मेद्वारी दिंदा उत्पीडित जातिको जनसंख्याको आधारमा महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, पछिडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था गरेको थियो । तर नयाँ संविधानले (२०७२) प्रतिनीधिसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट ६० प्रतिशत र समानुपातिक निर्वाचनबाट ४० प्रतिशत प्रतिनिधित्व गराएको छ । त्यसमा थप के गरिएको छ भने सत्ताधारी जात 'खस-आर्य' समेत्लाई समानुपातिकतर्फ प्रतिनिधित्व गराइएको छ, जुन उत्पीडनमा परेका जाति/समुदायले पाउने 'आरक्षण' को अन्तर्राष्ट्रिय मान्यता विपरीत छ । त्यतिमात्र नभएर 'खस-आर्य' को स्पष्टीकरण (खस - आर्य भन्नाले क्षेत्री, बाहुन, ठकुरी, सन्यासी (दशनामी) समुदाय सम्झनु पर्दछ) दिएर पहाडी दलितलाई खस-आर्यबाट अलग गरिएको छ । यो संविधानले खस-आर्य भित्र 'उच र निच' जातभेद गरेको छ । त्यसरी नै सात राजनीतिक दल, नेकपा (माओवादी) का साथै मजदुर, किसान, आदीवासी जनजाति, मधेसी, दलित, महिला, पिछडिएको क्षेत्र लगायतले गरेको २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको राप र तापबाट बनेको अन्तरिम संविधानले (२०६३) स्वीकार गरेको 'मधेसी जनता लगायत आदिवासी जनजाति, पिछडिएका र अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहानालाई स्वीकार गरी नेपाल धर्मनिरपेक्ष संघीय लोकतांत्रिक गणतंत्रात्मक राज्य हुनेछ, प्रदेशहरू स्वायत्त र अधिकार सम्पन्न हुनेछन्'( पाँचौ संशोधन२०६५) भन्ने प्रावधानको मर्म र भावनालाई समेत मा.के, एमाले र ने.का.को ९५ प्रतिशतको बहुमतले निर्माण गरेको नयाँ संविधानले (२०७२) वेनामधारी ७ प्रदेश बनाएर कुठाराघात गरेको छ । यसै कारणले यो संविधान 'धर्म, भाषा र संघीयता'को रूप, मात्रा र आंशिक दृष्टिकोणले सकारात्माक देखिन्छ तापनि सार, गुण र समग्रताका हिसावले आदिवासी जनजाति र मधेसीका लागि प्रतिगामी बन्न पुगेको छ ।

**नेवा-ताम्सालिङ आन्दोलन**

नेपालमा 'खस-आर्य' जातबाट आएका प्रतिक्रियावादी ब्राह्मणवादी शासकवर्गबाट लामो समयदेखि आदिवासी जनजाति, मधेसी, दलित, महिला र पिछडिएको क्षेत्रका जनतामाथि शोषण, उत्पीडन हुँदै आएको छ । यो 'खस-आर्य' अन्धजातिवाद हो । यसका विरुद्ध आदिवासी जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्रले स्वयत्तताको माग राखेर संघर्ष गरेका थिए । जहाँ, जातीय, भाषिक, साँस्कृतिक स्वायत्तताको निर्वाध उपयोग गर्नु सकियोस् । तर तत्कालीन ने.का., एमाले र मा.के.को ठूलो बहुमतले निर्माण गरेको संविधानले (२०७२) दिएको संघीयताले विभिन्न जाति, समुदाय वा क्षेत्रले आफ्नो शासनको उपयोग गर्न पाउने मागलाई उपेक्षा गर्दै 'बेपहिचाने' ७ प्रदेश कार्यान्वयनमा ल्याएको छ । यो 'खस-आर्य' अन्धजातिवादी दृष्टिकोणबाट ल्याइएको छ । स्वभावतः त्यसमा नेवा र ताम्सालिङ स्वायत्त प्रदेशहरू हुने कुरै भएन । त्यसैले स्वायत्तताको मुद्दा अझै जीवित छ र आन्दोलन पनि जारी छ । नयाँ संविधानको ३ नं. प्रदेशको भूमि नेवाः ताम्सालिङ भूमि हो । यो भूमिको पहिचान यसै नामबाट होस् भनेर नेवाः ताम्सालिङ समन्वयन समितिले संघर्षको कार्यक्रम राखेको छ, जुन जायज छ र सबैको समर्थन तथा सहयोग आवश्यक छ ।

**पहिचान सहितको संघीयता हाम्रो मुद्दा**

नेपाल युगौंदेखि विभिन्न जाति, समुदाय र क्षेत्रको पहिचानको संगमस्थल हो । जनसंख्याको हिसाबले कोही अलि ठूला, कोही अलि साना होलान्, आर्थिक हिसाबले कोही अलि विकसित, कोही कम विकसित होलान्, बसाईको हिसाबले कोही सुगममा र कोही दुर्गममा होलान्, जो जहाँ र जुनसुकै अवस्थामा भए पनि जुनसुकै जाति वा समुदायले आफ्नो क्षेत्रको स्वायत्त शासन सञ्चालन गर्न पाउने अधिकार पहिचानसहितको संघीयताले राख्दछ । तर नयाँ संविधानले (२०७२) आदिवासी जनजाति र मधेसी समुदायलाई यो अधिकारबाट बञ्चित गरेको छ । यो संविधानको कार्यान्वयन भएबाट खस-आर्य अहंकारवादीहरूले स्वयत्तताको मुद्दा ओझेल पऱ्यो भन्ने ठानेका छन् र निकै खुसी छन् । आदिवासी जनजातिहरूलाई, जसलाई पहिचानसहितको संघीयता चाहिएको हो, संघीयताको आवश्यकता, औचित्य र मर्मको राम्रो ज्ञान (वहुसंख्यालाई) नभएको कारण यस्तो देखिएको हो तर अहंकारवादी-ब्राह्मणवादीहरू खुसी हुनु पर्दैन । जनता भनेका यस्तै हुन्, जुन दिन जाग्छन्, अधिकार लिएर छोड्छन् ।

- नेपालका आदिवासी जनजातिहरूले र मधेसी समुदायले राज्यको पुनः संरचना जातीय क्षेत्रीय स्वायत्त शासनको आधारमा संघीय स्वरूपको पाउनु पर्ने माग आत्मनिर्णयको अधिकारसँग जोडेर गरेका हुन् । त्यस प्रकारको स्वायत्त शासनको कुरा गर्दा नेवार र तामाङ दुई अलग र ठूला जाति-समुदाय भएकोले उनीहरूको अलग अलग स्वायत्त शासन रणनीतिक हिसाबले स्वभाविकै ठहर्छ । नेवा र तामाङको आफ्नै विशिष्ट प्रकारको भाषा, संस्कृति र भूगोल रहेकोले उनीहरूले उठाएको स्वायत्त शासनको मागलाई संवोधन नगर्दासम्म द्वन्द्व रहिरहने छ ।

- अर्को, दुई अलग अलग जाति-समुदाय हुँदाहुँदै पनि तामाङ र नेवार एकै भूगोलभित्र इतिहासले समेटेका आदिवासी जातिहरू हुन् । तसर्थ, यी दुई समुदायवीच संयुक्त स्वायत्त शासनको ब्यवस्थापन गर्नु पनि आवश्यक हुन सक्तछ ।

- आज राज्यपक्षले ३ नं. प्रदेशको भूगोलभित्र नेवा-ताम्सालिङको भूगोललाई समेटेको कारण संयुत्त पहिचानका लागि 'नेवा-ताम्सालिङ समन्वयन समिति'ले उठाएको यो संघर्षले विशेष अर्थ राख्दछ । 'खस-आर्य' अन्धजातिवादविरुद्ध लामो संघर्षबाट नै पहिचानको मुद्दा स्थापित गर्न सकिन्छ भन्ने हेक्का राखेर अघि बढ्नु न्यायप्रेमी नेवा-ताम्सालिङ भित्रका जनताको अहिलेको आवश्यकता बनेको छ । सबैलाई चेतना भया !!

*(नेवा-ताम्सालिङ समन्वयन समितिको पहिचान सम्वाद कार्यक्रममा प्रस्तुत मन्तव्यको मुख्य अंश)*







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।